का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५७
- २७ साउन २०७७, मंगलबार
- 11 August 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | २३३१० जना | १६४९३ जना | ४५२२३६ जना | ६७३८ जना | ७९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २ करोड ८४ हजार | १ करोड २९ लाख ३३ हजार | ७ लाख ३५ हजार | ६४ लाख १५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



*साउनको अन्तिम सोमबार काठमाडौँको पशुपतिनाथ मन्दिर परिसरमा शिवजीको पूजा आराधना गर्दै भक्तजन । कोभिड–१९ को कारण मन्दिरको सबै ढोका बन्द छ । तस्बिरः रोशन सापकोटा*

# हवाई उडान र यातायात भदौ १५ सम्म रोक

## ■थप ३३८ जनामा संक्रमण पुष्टि, १४० डिस्चार्ज

**सोमबार एकै दिन राजधानी उपत्यकामा दुई जना सहित कोभिड महामारीको संक्रमणबाट चार जनाको मृत्यु भएको छ । उपचारका क्रममा मध्यबानेश्वर कीर्तिपुरमा एक–एक जनाको मृत्यु भएको हो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन ।

भदौ १ गतेदेखि सञ्चालन हुने भनिएको लामो दूरीको यातायात र हवाई उडान भदौ १६ गतेदेखि मात्र हुने भएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले कोरोना भाइरस संक्रमण बढ्दै गएका कारण पूर्व निर्धारित मितिमा सञ्चालन गर्न नसकिने ठहर गर्दै लामो दूरीको यातायात र हवाई उडान सञ्चालन मिति सारेको हो ।

यसैबीच कोभिड महामारीबाट देशभर ७९ जनाको मृत्यु भएको छ। थप चार जनाको मृत्यृ भएको स्वास्थ्य मन्त्रालयले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। मन्त्रालयका अनुसार, मृत्यु हुनेमा राजधानी उपत्यकामा मात्रै दुई जना छन् ।

काठमाडौँ महानगरपालिका-१० मध्य बानेश्वर बस्ने ७६ वर्षीय पुरुषको सोमबार मेडिकेयर अस्पतालमा मृत्यु भएको छ । कीर्तिपुर नगरपालिका ट्याङ्लाफाँट बस्ने ६४ वर्षीय पुरुषको पनि कोरोना भाइरसका कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले उपत्यका बाबहिर दुई जनाको मृत्यु भएको छ ।

बाँकेको कोहलपुर नगरपालिका-२ का ७० वर्षीया महिलाको नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा उपचारका क्रममा आइतबार मृत्यु भएको हो । अर्का मृतक पर्साका छन् । पर्साको देवयानी गाउँपालिका १५ का ४५ वर्षीय महिलाको पनि कोभिड संक्रमणबाट मृत्यु भएको प्रवक्ता गौतमले बताए ।



*मुगुमा हाडजोर्नीसम्बन्धी समस्याबाट ग्रस्त स्थानीयवासीको उपचार गर्दै डा गोविन्द केसी । गत बुधबार मुगु पुगेका केसीले मुगुमा निःशुल्क हाडजोर्नी शिविर सञ्चालन गरी १७७ जनाको उपचार र तीन जनाको शल्याक्रिया गरेका छन् । तस्बिरः नृपेन्द्रबहादुर मल्ल*

### ■उपत्यका ४४ संक्रमित

सोबार देशका ३७ प्रयोगशालामा आठ हजार ४३४ नमूना परीक्षण गरिएको छ । परीक्षणमा ३३८ जनाको रिपोर्ट पोजेटिभ आएको छ । मन्त्रालयका अनुसार, सोमबार बाँकेमा ६३ जना नयाँ संक्रमित थपिएका छन् । काठमाडौँ उपत्यकामा ४४ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौँमा ३६, ललितपुरमा चार र भक्तपुरमा चार जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

रौतहटमा ३१, मकवानपुरमा २३, पर्सामा २२, सर्लाहीमा २१, दैलेखमा १७, मोरङ र प्युठानमा १५/१५, धनुषामा १३, कपिलवस्तुमा ११, कैलाली र सल्यानमा सात/सात, सिन्धुलीमा छ, दाङमा पाँच, नुवाकोटमा चार, महोत्तरी, बारा र गोरखामा तीन/तीन, खोटाङ, तनहुँ, बर्दिया र नवलपरासी पूर्वमा दुई/दुई तथा झापा, सिन्धुपाल्चोक, अछाम, अर्घाखाँची, बागलुङ, चितवन, पाल्पा, रामेछाप, स्याङ्जा, रुपन्देही, रोल्पा, सुर्खेत, बाँकी पृष्ठ २ मा

## काँग्रेसको निष्कर्ष:

# महामारी रोकथाममा सरकार असफल

**कोभिड महामारी रोकथाम, नियन्त्रण तथा उपचारमा सरकार असफल भएको प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले निष्कर्ष निकालेको छ । काँग्रेसले जनताको जीवन रक्षाका लागि सक्रियता बढाउन समेत माग गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कोरोना भाइरस नियन्त्रणमा सरकार असफल भएकोले जनतालाई आफै सुरक्षित रहन आग्रह गरेको छ । पार्टीको कोभिड–१९ सम्बन्धि अनुगमन समितिले कोरोना नियन्त्रणमा सरकारी संयन्त्रहरु पूर्ण रुपमा असफल भएकाले जनतालाई आफै सुरक्षित राख्न आग्रह गरेको हो ।

कांग्रेस पार्टी कार्यालय सानेपामा सोमबार भएको पत्रकार सम्मेलनमा समितिका संयोजक प्रकाशशरण महतले सरकारले सुरक्षित गर्छ भन्ने सोचेर नबस्न सबैमा आग्रह गरे । उनले भने, “सरकारले गर्ला र हामी सुरक्षीत हौँला भनेर नबसौँ। आफुले आफैलाई सुरक्षीत गर्नुपर्‍यो । आफैलाई सुरक्षीत हुने तरिका खोज्नुपर्‍यो । आफ्नो सहपाटी, साथीभाइ, टोल छिमेकलाई सुरक्षीत रहन र सचेतना अभियानलाई अगाडी बढाउन सबैलाई आह्वान गर्छौं ।”

महतले मास्क लगाउन, भौतीक दुरी अनिवार्य रुपमा कायम गर्न, स्यानीटाइजर प्रयोग गर्न र अनावश्यक बाहिर हिँड्डुल नगर्न पनि सबैमा आग्रह गरे । उनले सरकारलाई तत्काल कोभिड नियन्त्रणको जिम्मेवारी प्रभावकारी नेतृत्वलाई दिन पनि आग्रह गरे । सरकारले स्वास्थ्य मन्त्रालयमा योग्यता, वरिष्ठता र व्यवसायिकतालाई वेवास्ता गर्दा नेतृत्व प्रभावकारी नदेखिएको उल्लेख गर्दै उनले बरिष्ठता र व्यवसायिकताका आधारमा मन्त्रालयमा जिम्मेवारी दिन आग्रह गरे । समितिले आवश्यक संख्यामा भेन्टिलेटर, अस्पताल बेड, आइसियु कक्ष, अक्सिजन र अन्य स्वास्थ्य उपकरणहरुको व्यवस्था गर्न सरकारलाई आग्रह गरेको छ ।

स्वास्थ्यकर्मी र संलग्न सहयोगीहरुको हौसला कायम राख्न कोभिड–१९ जोखिम भत्ता तत्काल व्यवस्थान गर्न पनि समितिले सरकारसँग माग गरेको छ । लक डाउन खुला भएपनि आर्थिक, सामाजिक क्षेत्रहरु पूर्ण रुपमा सूचारु हुने अवस्था नरहेकाले यी क्षेत्रमा जोखिम न्यून गर्न सरकार गम्भिर हुन समितिले आग्रह गरेको उनले बताए ।

सीमा प्रवेशमा कडाई गर्नुपर्ने, सम्भावित संक्रमित ठाउँहरुको सघन अनुगमनका आधारमा परीक्षणको दायरा व्यापक बनाउनुपर्ने माग पनि कांग्रेसले गरेको छ। पूर्ण लक डाउन देशले धान्न सक्ने अवस्था बाँकी पृष्ठ २ मा

## मलेसियाको टप ग्लोब्स र हार्तालिगाले कामदारको करोडौं रकम फिर्ता गर्दै

# अबदेखि शून्य लागतमा कामदार लिइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

आप्रवासी कामदार भर्नामा शोषण रहेको भन्ने अमेरिकालगायत केही पश्चिमा राष्ट्रहरुबाट दवाब आइरहेका बेला मलेसियाका टप ग्लोबसलगायतका रवर उत्पादन कम्पनीले कामदारको भर्ना शुल्क फिर्ता गर्न थालेका छन् । मेडिकल ग्लोब्स उत्पादनमा विश्व चर्चित कम्पनी टप ग्लोब्सले सन् २०१९ अगाडि कम्पनीमा भर्ना भएका आप्रवासी कामदारहरुको भर्ना शुल्क फिर्ता गर्ने शुरु गरेको बताएको छ ।

कोरोना भाइरस संक्रमणबाट सबैभन्दा बढी प्रभावित अमेरिका टप ग्लोब्स कम्पनीको प्रमुख ग्लोब्स आयात गर्ने मुलुक हो । तर अमेरिकाको कष्टम एण्ड बोर्डर प्रोटेक्सनले कामदारको स्वच्छ भर्ना प्रक्रियाको मापदण्ड पूरा नगरिएको र समयमा तलवलगायतका सुविधा नदिई कामदारहरुको शोषण गरेको भन्दै उत्पादन आयातमा प्रतिवन्ध लगाएको थियो ।

रोजगारीका लागि मलेसिया जाने नेपालीसहितका आप्रवासी कामदारहरुको भर्ना प्रक्रियामा मध्यस्थहरुद्वारा अनुचित असुली गरिएको भन्दै समाचारमा त्यसले कामदारलाई ऋणको दुश्चक्रमा पर्ने उल्लेख छ ।

टप ग्लोब्सले स्टक बजारका लागि सोमबार सार्वजनिक गरेको आफ्नो विज्ञप्तिमा कामदारको रकम फिर्ताका लागि पहिलो किस्ता वापत ४.४ मिलियन रिंगेट छुट्याएको उल्लेख गरेको छ । उक्त कम्पनीले कामदारको फिर्ता गर्नुपर्ने रकम ५३ मिलियन रिंगेट रहेको र त्यसलाई चरणवद्धरुपमा चुक्ता गर्ने योजना रहेको जानकारी अमेरिकी कष्टम एण्ड बोर्डर प्राटेक्सन विभागलाई दिएको छ । टप ग्लोब्सले आप्रवासी कामदारको नयाँ भर्नाका लागि शुन्य लागतको नीति अपनाइएको घोषणा गरेको छ ।

त्यसैगरी अर्को कम्पनी हार्तालिगा होल्डिङ्स बिएचडिले पनि आप्रवासी कामदारको फिर्ता गर्नुपर्ने ४० मिलियन रिंगिट चौथो किस्तामा फिर्ता गरिसक्ने बताएको छ। त्यस्तै अर्को कम्पनी सुपरमाक्स क्रोप्स बिएचडी कम्पनीले जुन अन्त्यसम्म ३९९.६२ मिलियन रिंगिट नाफा गरेको भन्दै कामदारहरुको भर्ना रकम फिर्ता गर्ने योजना बनाएको बताएको छ ।

रवर ग्लोब उत्पादन गर्ने कम्पनी डब्लुआरपीले गत महिनादेखि नै किस्तावन्दीमा रकम फिर्ता गर्दै आएको बताएको छ । अमेरिका र पश्चिमा मुलुकको दवाबपछि सबैजसो मेडिकल उत्पादक कम्पनीहरुले आप्रवासी श्रमिकले भर्ना प्रक्रियामा कुनै शुल्क तिर्नुनपर्ने विषयलाई कडाइका साथ पालना गराउने बताएका छन् ।




## वैदेशिक रोजगार विशेष

### मन्त्री यादवद्वारा वैदेशिक रोजगार कार्यालय ताहाचलको निरीक्षण

**काठमाडौँ/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगार कार्यालय, ताहाचलको निरीक्षण गरेका छन् । उक्त कार्यालयमा सहसचिव विनु बज्राचार्य कुँवरले कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेको केही दिनपछि मन्त्री यादवले सोमबार उक्त कार्यालयको निरीक्षण गरेका हुन् । कुँवरले गत बुधबारबाट उक्त कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेकी थिइन् ।

निरीक्षणपछि मन्त्री यादवले श्रम स्वीकृति सम्बन्धी सेवाहरुमा जनगुनासो नआउने गरी काम गर्न कर्मचारीहरुलाई निर्देशन दिएको मन्त्री यादवको स्वकिय सचिवालयले जानकारी दिएको छ ।

# प्रभावित बन्यो संसदीय समितिहरु

**कोभिड महामारीका कारण संघीय संसदका संसदीय समितिहरु प्रभावित हुँदा विचाराधीन २० विधेयक माथिको छलफल रोकिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन ।

काठमाडौं उपत्यका लगायत देशभर कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिम बढेसँगै संघीय संसदका समितिहरुको बैठक प्रभावित भएको छ । कोरोनाका कारण संघीय संसदका समितिहरुको बैठक प्रभावित हुँदा महत्वपूर्ण विधेयकहरु समितिमै अड्किएका छन् ।

निरन्तर रुपमा बैठक सञ्चालन हुन नसक्दा राज्य संचालनका लागि आवश्यक नीति नियम निर्माणका काम प्रभावित भएको हो । महामारीको समयमा राहत वितरण तथा उद्धारका काम प्रभावकारी बनाउन सरकार र सम्बन्धित निकायलाई जिम्मेवार बनाउन निर्देशन दिने निकायको रुपमा रहेका समितिहरुको बैठक प्रभावित हुँदा समस्या देखिएको छ ।

राष्ट्रियसभामा १० र प्रतिनिधिसभामा १० गरी दुबै सदनका समितिमा २० वटा विधेयक विचाराधीन छन् । सरकारको कार्य सञ्चालनमा महत्वपूर्ण र आवश्यक विधेयकहरु समिति र दुबै सदनमा विचाराधीन रहेको संघीय संसद सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले बताए ।

उनका अनुसार, कोरोना संक्रमण जोखिमको कारण अहिले संसदीय समितिहरुको बैठक नियमित सञ्चालन हुन सकेको छैन । कोरोना संक्रमणको जोखिमका कारण बैठकहरु सुचारु गर्न समस्या भएको उनको भनाइ छ ।


समितिमा अध्यागमन विधेयक, अनुगमन तथा मूल्यांकन विधेयक विचाराधीन अवस्थामा छन् । अनुगमन तथा मूल्यांकन विधेयक विचाराधीन रहँदा विकास निर्माणका काम कारवाहीलाई कसरी मूल्यांकन गर्ने, कसरी व्यवस्थित गर्ने भन्ने कुराहरु प्रभावित भएका छन ।

तथ्यांक विधेयक पनि समितिमै विचाराधीन छ । आगामी वर्ष (२०७८) मा शुरु हुने राष्ट्रिय जनगणनामा तथ्यांक कसरी संकलन गर्ने, बाँकी पृष्ठ २ मा

# प्रवासी जनजातिहरूले कतारमा मनाए २६ औं विश्व आदिवासी दिवस

**भोला थापा छेत्री/मध्यान्ह**
दोहा, कतार, २६ साउन

नेपाल प्रवासी आदिवासी जनजाति महासंघ कतारले २६ औं अन्तर्राष्ट्रिय आदिवासी दिवस जुम भर्चुवल कार्यक्रम गरेर मनाएको छ । 'पहिचान सहितको संघियता र स्वायत्तताका लागि संविधान संशोधनको आन्दोलन हाम्रो साझा वहस, स्वनिर्णित विकास तथा महामारीमा बच्ने र बचाउने पक्षमा २६ औं विश्व आदिवासी दिवस' भन्ने मुल नाराका साथ महालंघ कतारले २६ औं विश्व आदिवासी दिवस २०२० उक्त कार्यक्रम गरी आइतबार मनाइएको हो । नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषद् अध्यक्ष जगत बरामको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रम महासंघ कतारका अध्यक्ष शिव कुमार भुजेलको अध्यक्षतामा सम्पन्न भएको थियो । दुई चरणमा विभाजन गरी सञ्चलन गरिएको सो कार्यक्रमको पहिलो चरणको अन्तरक्रिया कार्यक्रममा अतिथि वक्ताको रुपमा प्रवासी नेपाली एकता मञ्च कतारका अध्यक्ष चानक पोखेल, नेपाली जनसम्पर्क समितिका कार्यवाहक सभापति शंकर न्यौपाने, नेपाली समाज कतारका अध्यक्ष हिराधन राई र महासंघ कतारका प्रमुख सल्लाहकार देवराज राई रहेका थिए ।




अतिथिहरु महासंघ कतारमा बिषेश सल्लाहकार सियाराम चौधरी, संस्थापक तथा सल्लाहकार सदस्यहरु दिल किरण खजुम, बिल गुरुङ, सुक बहादुर तामाङ, सल्लाहकार सदस्यहरु धिरज चाम्लिङ राई, शंखलाल तामाङ, नियम भुजेल, रस तमु, मातृसंस्थाहरुबाट किरात याक्थुङ चुम्लुङका अध्यक्ष राजन्द्रे साम्याङखाम लिम्बु, तमु गुरुङ समाजका अध्यक्ष भाई काजि गुरुङ, किरात राई यायोक्खा शाखा कतारका अध्यक्ष बिमल राई, नेपाल प्रवासी तामाङ समाजका अध्यक्ष धिरेन तामाङ, थारु कल्याणकारिणी सभाका कार्यबाहक सभापति हरि महत्तो, सुनुवार सेवा समाज शाखा कतारका अध्यक्ष सामुयल सुनुवार, प्रवासी भुजेल समाजका अध्यक्ष बिनोद भुजेल, नेवा पुच कतारका का-वा अध्यक्ष ओम श्रेष्ठ, नेपाली धानुक सेवा समाजका अध्यक्ष रामकुमार मण्डल, शेर्पा किदुग दोहा कतारका कार्यबाहक अध्यक्ष तेन्जि शेर्पा नेपाली प्रवासी दनुवार संगठन कतारमा कार्यबाहक अध्यक्ष बिक्षु कुमार दनुवार, प्रवासी ताजपुरीया समाज कल्याण परिषदका अध्यक्ष रविलाल ताजपुरिया सहभागी रहेका थिए । महासंघ कतारका उप-महासचिव एक राज राईको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा प्रमुख अतिथि तथा वक्ता बरामले सम्पूर्ण बिश्व मानव जगतमा २६ औं अन्तर्राष्ट्रिय आदिवासी दिवशको शुभकामना दिदै बिगतमा आदिवासी जनजातिहरुको एजेण्डालाई राजनीतिक एजेण्डा वनाएर सरकारमा पुगेका राजनितिक दलहरु अहिले त्यहि दलहरु आदिवासी जानजाति लागि बाधक भएको र अहिले संघीयता, स्वयत्तता, साँस्कृतिक, धार्मिक, भाषिक पहिचान, धर्म निरपेक्षता र समान्नताको कुरा गर्दा जातीय द्वन्द फैलाएको, धार्मिक सहिष्णुता बिगार्न खोजको, राष्ट्रियता माथि खलल गर्न खोजिएको जस्ता लान्छना र आरोपहरु लगाईदै आएको बताए ।

प्रमुख अतिथि बरामले नेपाली आदिवासीहरुको आन्दोलन कुनै जाति, समुदाय, क्षेत्र, लिङ्गको बिरुद्धमा नभएर नितान्त समानताका लागि, राष्ट्रिय विकासको लागि, राष्ट्र निमार्ण र समृद्ध वनाउन गरिएको आन्दोलन भएको उल्लेख गर्दै यो आन्दोलनलाई सरकारले हातेमालो गर्न सक्यो भने सम्बोधन गर्न सक्यो भने मात्र देश द्रुतगतिमा विकास हुन सक्ने जिकिर गरे ।

यस्तै अर्का अतिथि वक्ता प्रवासी एकता मञ्च कतारका अध्यक्ष चानक पोखेलले आदिवासी जनजातिहरुको मुद्दाहरु केहि आन्तरीक समस्याका कारण सम्बोधन नभएको हुन सक्ने उल्लेख गर्दै चाडैनै यहि सरकारले संविधान संशोधन गरेर आदिवासी जनजातिको मागहरु सम्बोधन हुने बताए ।

यसैगरी नेपाली जनसम्पर्क समितिका का वा सभापति शंकर न्यौपानेले नेपालका आदिबासी समुदायहरुको प्रथाजनित कानुनमा अडिएका सस्थाहरु भएकोले त्यी आफैमा आत्मा निर्णयका अधिकारहरु देखि स्वयत्तता र सुशासन पनि भएको र आत्मा निर्णयका अधिकारमा प्राकृतिक स्रोत,साधन, भुमि र भूभाग पनि पर्ने भएकोले यी सबै आदिवासीको मानव अधिकार भएको भन्दै नेपाल आदिवासी जनजाति महासंघले नेपाली आदिवासी जनजातिहरुको हक, हित, पहिचान, र गौरवमय ईतिहास, सस्कृतिको सरक्षण र संवर्धन गर्न खेलेको आबस्यक भुमिका सराहनीय रहेको बताए ।

त्यस्तै अर्का वक्त नेपाली समाज कतारका अध्यक्ष हिराधन राईले हरेक परिवर्तनका आन्दोलनहरुमा आदिवासी जनजातिहरुको त्याग र योगदान घाम जस्तै छर्लङ्ग भएको बताउँदै जन-आन्दोलन र जब युद्धबाट स्थापित मूल्य र मान्यताहरुलाई कुल्चिएर वर्तमान दुई तिहाईको सरकार प्रतिगमनतिर गएको आरोप लगाए । त्यस्तै महासंघ कतारका प्रमुख सल्लाहकार देवराज राईले विषयको सुक्ष्म रुपमा सरकारले गरेको परिभाषा र आदिवासी जनजातिले गरेका परिभाषाबारे टिप्पणी गरेका थिए । वक्ताहरुले आफ्ना धारणा राखेसँगै उठेका पश्नहरुको वक्ताहरुबाट उत्तर दिइएको थियो ।

दोस्रो चरणको कार्यक्रम शुभकामना आदान प्रदान कार्यक्रममा प्रवेस गरीएको थियो । विशेष सल्लाहकार सियाराम चौधरी, सस्थापक सदस्य तथा सल्लाहकार बिल ब. गुरुङ, सल्लाहकार धिरज चाम्लिङ राई र उपस्थित मातृसंस्थहरुका अध्यक्ष तथा प्रतिनिधिहरुले २६ औं बिश्व आदिवासी दिवसको शुभकामना राखेका थिए । कार्यक्रम महासंघका महासचिव सागर तुम्बाहाङफे लिम्बुले सञ्चालन गरेका थिए । कार्यक्रमको अन्त्यमा महासंघ कतारका अध्यक्ष भुजेलले कार्यक्रमलाई सफल वनाउन सहभागी सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# मालिकार्जुन गाउँपालिका अध्यक्ष र उपाध्यक्षको विवाद छताछुल्ल

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २६ साउन





दार्चुलाको मालिकार्जुन गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षबीचको विवाद छताछुल्ल भएको छ । उपाध्यक्ष पुष्पा अवस्थीले सामाजिक सञ्जाल फेसबुकमा गाउँपालिका अध्यक्ष नरेन्द्र सिंह धामीले शंकरपुर माविको आइसोलेसन व्यवस्थापन खर्चमा अनियमितता गरेको आरोप लगाएकी छिन् । उपाध्यक्ष अवस्थीले उक्त आईसोलेसन वार्डन ९ लाख ४१ हजार ९ सय ४५ रुपैयाँ मात्र खर्च भएको दावी गर्दै अध्यक्ष धामीले १४ लाख ६४ हजार ६ सय ९ रुपैयाँको विल पेस गरेको उल्लेख गरेकी छन् । उपाध्यक्ष अवस्थीका कुरालाई विश्वास मान्ने हो भने अध्यक्षले ५ लाख २२ हजार ६ सय ५४ रुपैयाँ अनियमितता गरेको देखिन्छ ।

अवस्थीको स्टाटस सार्वजनिक भएपछि अध्यक्ष धामीले आफ्नो पनि ध्यानाकर्षण भएको जनाएका छन् । उनले कोरोनाका महामारी र प्राकृतिक विपद्सँग लड्नु परेका बेला आफूलाई बदनाम गराउन खोजिएको उल्लेख गरेका छन् । उनले मालिकार्जुन गाउँपालिका विपद् व्यवस्थापन समितिको

साउन ४ गतेको बैठकले खर्च सार्वजनिक गरिसकेको अवस्थामा भ्रष्टाचार भयो भनेर आरोप लगाउनु आफैमा निन्दनीय काम भएको बताए ।

साथै अध्यक्ष धामीले उपाध्यक्ष अवस्थीलाई महिनौं दिन महेन्द्रनगरमा बसेर गाउँपालिका अध्यक्षको बदनाम गराउनुको साटो फिल्डमा खटिएर काम गर्न पनि चुनौती दिएका छन् । आफूबाट कुनै पनि अनियमितता नभएको दावी गर्दै अध्यक्ष धामीले आवश्यक छानविन गर्ने निकाय हुँदा हुँदै प्रचारवाजी नगर्न पनि आग्रह गरे । कोरोना महामारीका बेला जनतलाई सेवा दिनु पहिलो आवश्यकता रहेको बताउँदै अध्यक्ष धामीले भने, 'मालिकार्जुन गाउँपालिकावासीलाई अप्ठ्यारो परेको बेला तत्काल निर्णय गरिन्छ र सेवा दिइन्छ ।'

# गुल्मीमा नार्डेक नेपालद्वारा जिल्लास्तरीय छलफल

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २६ साउन

गुल्मीमा नार्डेक नेपालद्वारा जिल्ला स्तरीय छलफल गरिएको छ । जिल्ला स्वास्थ्य कार्यालय गुल्मीको समन्वय तथा राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपाल गुल्मीको आयोजनामा जिल्ला स्तरीय समन्वय बैठक तथा छलफल आइतबार सप्पन्न भएको हो ।

राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र (नार्डेक) नेपालले आफ्नो संस्थालाई परिचय गराउने, यस परियोजनाको क्रियाकलाप, योजना तथा सम्पूर्ण गतिविधिको जानकारी गराउने उदेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा संस्थाले आफ्नो गतिविधिहरु कसरी कार्यान्वयन गर्ने तथा सम्पूर्ण योजनाको ढाँचाको बारेमा पनि जानकारी गराएको थियो । संस्थाले अहिलेसम्मको आफ्नो प्रगति विवरण प्रस्तुत पनि गरेको थियो । जिल्ला स्वास्थ कार्यालय गुल्मीका प्रमुख डा.भवानी प्रसाद शर्माको अध्यक्षता र जिल्ला




समन्वय समितिका प्रमुख लक्ष्मण पराजुलीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरतराज शर्मा, जिल्ला अस्पतालका प्रमुख डा. उत्तम पाच्य, जिल्ला प्रहरी प्रमुख एसपी राजेन्द्र सिह खड्का, सेभ द चिल्ड्रेन नेपालका बरिष्ठ कार्यक्रम व्यवस्थापक मिम बहादुर सिंह, बरिष्ठ कार्यक्रम सयोजक सुवास श्रेष्ठ, गैरसरकारी सस्था महासघका अध्यक्ष बिष्णु प्रसाद भण्डारी, नेपाल पत्रकार महासघ गुल्मीका अध्यक्ष नवराज भुसाल, जिल्ला स्वास्थ कार्यालयका जनस्वास्थ्य अधिकृत पशुपति आचार्य, नार्डेक नेपालका अध्यक्ष शान्ति नेपाली, उपाध्यक्ष प्राध्यापक गुणानिधि शर्मा, कार्यकारी निर्देशक रेशम कुँवरलगायतका सरकारी, गैरसरकारी, निजी क्षेत्र र पत्रकार हरुको सहभागीता रहेको थियो ।

कार्यक्रममा सेभ द चिल्ड्रेन नेपालका वरिष्ठ कार्यक्रम व्यवस्थापक मिम बहादुर सिंह, नार्डेक नेपालका परियोजना संयोजक राम बहादुर कुँवरले प्रदेश न.५ तथा गुल्मी जिल्लामा एचआईभी र टिबि कार्यक्रमको अवस्था र गुल्मी जिल्लामा संचालन गरिने कार्यक्रमका बारे प्रकाश पारेका थिए ।

जिल्ला समन्वय प्रमुख लक्ष्मण पराजुली, प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मा, तम्घास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट उत्तम पाचयलगायतका सरकारी निकायका प्रमुख तथा प्रतिनिधि र अन्य सहभागीले कार्यक्रमका बारेमा आ-आफ्नो सुझाव मन्तव्य राखेका थिए ।

# श्रीकृष्ण जन्माष्टमी मनाइँदै



**काठमाडौं/मस–** प्रत्येक वर्ष भाद्र कृष्ण अष्टमीका दिनमा मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो । दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुको आठौं गर्भका रुपमा श्रीकृष्णको जन्म भएको धर्मशास्त्रहरूमा उल्लेख छ । कंसको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वासुदेव र देवकीको आठौं गर्भबाट भगवान् विष्णुको आठौं अवतारका रुपमा आजैका दिन भगवान् श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास छ ।

अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित बनाउने उद्देश्यले भगवान् विष्णुले मानिसको अवतारका रुपमा श्रीकृष्ण भई धर्तीमा जन्म लिएको स्मृतिस्वरुप आजको दिन यो पर्व मनाउने गरिएको हो ।

कौरव र पाण्डवका बीचमा कुरुक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा रहेका पाँच पाण्डवमध्येका अर्जुनको सारथीका रुपमा श्रीकृष्णले युद्धको शिक्षा दिएका थिए । युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेश नै श्रीमद्भागवत गीता हो ।

श्रीकृष्णले गोपिनी र राधासँग गरेको प्रेम प्रसंगका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् झुला उत्सवका रुपमा समेत मनाउने गरिन्छ ।

यस अवसरमा जन्माष्टमीका दिन पाटनको मंगलबजारस्थित प्रसिद्ध कृष्णमन्दिरमा ठूलो मेला लाग्ने गरेकामा यस वर्ष भने कोरोना भाइरसको संक्रमणका कारण मेला नलाग्ने भएको छ ।

ललितपुर महानगरपालिका र मंगलटोल मंगलबजारले संयुक्त रुपमा विज्ञप्ति जारी गरेर श्रीकृष्ण जन्माष्टमीका दिन मन्दिर बन्द रहने जानकारी दिएका छन् ।

जारी विज्ञप्तिमा भनिएको छ, 'श्रीकृष्ण जन्माष्टमीको पावन दिनमा सम्पूर्ण भक्तजनहरुलाई आफ्नै घरमा भगवान् श्रीकृष्णको पूजा अर्चना गरी परम्परालाई निरन्तरता दिन हुन अनुरोध गर्दछौं ।'

# घुस लिएको आरोपमा पक्राउ




**काठमाडौं/मस–** नेपाल खानेपानी संस्थान बुटवलका प्रमुख इन्जिनीयर सन्तोष साह घुस लिएको अभियोगमा पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले साहलाई दुई लाख ३३ हजार ५ सय रुपैयाँ नगद र बैंकमा जम्मा गरेको आठ लाख २२ हजार रुपैयाँको भौचरसहित आइतबार अपराह्न धादिङको धुनिबेँसीबाट पक्राउ गरेको हो ।

अभियुक्तले खानेपानी शाखा कार्यालयका सेवाग्राहीसँग घुसबापतको रकम उठाएर काठमाडौं आएको सूचनाका आधारमा आयोगको केन्द्रीय कार्यालयबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको आयोगले सोमबार जनाएको छ ।

यसैबीच आयोगले जोशीपुर गाउँपालिका कैलालीका नायब सुब्बा सिद्धराज जोशीलाई घुस लिएको अभियोगमा सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सिलाइकटाइ तालिम, सैलनु र चुरा बनाउने तालिम दिइ सफलतापूर्वक सम्पन्न गरी चेक भुक्तानी गरेपछि सेवाग्राहीसँग घुस माग गर्दै गरेको भन्ने सूचनाका आधारमा कञ्चनपुरबाट गएको आयोगको टोलीले जोशीलाई केही दिन पहिले पक्राउ गरेको थियो । आरोपी जोशी सेवाग्रहीसँग रु.८५ हजार घुस लिँदै गरेको अवस्थामा आयोगको टोलीले पक्राउ गरेको थियो । आयोगका प्रवक्ता तारानाथ अधिकारीका अनुसार जोशीविरुद्ध बिगो असुल गरी कारवाहीको माग गर्दै मुद्दा दायर गरिएको हो ।

# साउदीमा ज्यान गुमाएका नेपालीका परिवारलाई सहयोग

**काठमाडौं/मस-** वैदेशिक रोजगारीको क्रममा साउदी अरबमा ज्यान गुमाएका ९५ जना नेपालीलाई उनीहरु कार्यरत कम्पनीका तर्फबाट चार करोड ६४ लाख रुपैयाँ बराबरको राहत उपलब्ध गराएको छ । नेपाली दूतावास रियाद साउदी अरबका अनुसार वैदेशिक रोजगारीका सिलसिलामा उक्त देशका विभिन्न स्थानमा कार्यरत रहेका अवस्थामा मृत्युवरण गर्न पुगेका नेपाली नागरिकको हकवालाले प्राप्त गर्न सक्ने गरी मृतकको सम्बन्धित कम्पनीले उनीहरुले बुझ्न बाँकी रहेको तलब, भत्ता, सर्भिस बेनिफिट तथा ब्लड मनी उपलब्ध गराएको छ ।

दूतावासका अनुसार साउदी रियाल १४ लाख ५४ हजार ६८७ नेपालस्थित कन्सुलर सेवा विभागमा बैंक ट्रान्सफर्मर गरिएको छ । दुर्घटनामा दोस्रो पक्षको संलग्नता भई साउदी अरबमा ज्यान गुमाएका नेपाली नागरिकको हकवालाका तर्फबाट त्यहाँका विभिन्न अदालतमा गई दूतावासले बहस पैरवी गर्दै आएको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारीको कारणले सिर्जना भएको असामान्य परिस्थितिका कारण त्यहाँको अदालतका कामकारवाहीसमेत पूर्ववत् सञ्चालन हुन नसकेको र अवस्था सामान्य हुनासाथ स्थगनमा रहेका अन्य मुद्दाको नियमित पैरवी गरिने दूतावासले जनाएको छ । दूतावासले औरही-३ सिरहका प्रदीपकुमार यादव र खोपीचौरु-८ रुकुमका ढाटे बुढाको परिवारलाई भने क्रमशः एक लाख ५० हजार ब्लड मनी उपलब्ध गराइएको जानकारी दिएको छ ।

# १२ कोरोना संक्रमित सम्पर्क विहीन

**बाँके/मस–** बाँकेमा कोरोना संक्रमण पुष्टि भएका १२ संक्रमित सम्पर्क विहीन भएका छन् । संक्रमित व्यक्ति सम्पर्कविहीन हुँदा समुदायमा संक्रमणको जोखिम बढ्दै गएको स्वास्थ्य कार्यालय बाँकेका स्रोत व्यक्ति नरेश श्रेष्ठले बताएका छन् ।



भेरी अस्पतालबाट स्वाब संकलन गरी साउन २३ गते कोरोना संक्रमण पुष्टि भएका नेपालगञ्ज उपमहानगरपालिका-२ का ३४ वर्षीय पुरुष र नेपालगञ्ज ६ का २७ वर्षीया महिला, २४ गते संक्रमित पुष्टि भएका नेपालगञ्ज-१२ का २८ वर्षीया महिला र नेपालगञ्ज १८ का ३५ वर्षीय पुरुष सम्पर्कमा आएका छैनन् ।

यसैगरी, साउन २४ गते संक्रमित भएका नेपालगञ्ज १९ का ११ वर्षीया बालिका, १९ कै २४ वर्षीय पुरुष, नेपालगञ्ज-१६ का १२ वर्षीया बालिका सम्पर्कविहीन रहेकाले खोजी कार्य भइरहेको छ । उनीहरु महेन्द्र बहुमुखी क्याम्पसको क्वारेन्टिनमा बसेका हुन् तर स्वाब दिएपछि घर गएका थिए ।

साउन २२ गते वडा प्रहरी कार्यालयबाट स्वाब संकलन गरी २५ गते संक्रमण पुष्टि भएका ४७ वर्षीया महिला, २४ वर्षीया महिला, चार र दुई वर्षका दुई बालक, र ४२ वर्षीय पुरुष पनि सम्पर्कमा आएका छैनन् । नेपालगञ्ज ११ का २९ वर्षीया महिला पनि सम्पर्कमा नआएको स्रोत व्यक्ति पर्सन श्रेष्ठले बताए ।

पटक-पटक सम्पर्क गर्दा आइसोलेशनमा आउन नचाहने र मोबाइल बन्द गर्ने गरेको पाइएको श्रेष्ठले बताए । यीमध्ये कतिपयको मोबाइल बन्द भएको, कतिपयले नलाग्ने र नमिल्ने सम्पर्क नम्बर दिएको र दिएको नम्बरमा सम्पर्क गर्दा बालकका अभिभावकले हाम्रो बच्चा होइन भन्ने गरेको श्रेष्ठले बताए ।

यसैबीच सोमबार बाँकेका थप १५ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ । भेरी अस्पताल नेपालगञ्जको प्रयोगशालामा गरिएको परीक्षण रिपोर्टअनुसार दुई चिकित्सक र केही प्रहरी १५ जनामा संक्रमण पुष्टि भएको हो । भेरी अस्पतालले सोमबार मध्यान्ह १२ बजे सार्वजनिक गरेको विवरणअनुसार नेपालगञ्ज मेडिकल कलेजका दुई चिकित्सक, वडा प्रहरी कार्यालय नेपालगञ्जमा कार्यरत चार प्रहरीसहित १५ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय बाँकेका स्रोत व्यक्ति श्रेष्ठले बताए ।

### हवाई..

बैतडी र बझाङमा एक/एक सङ्क्रमित थपिएका मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घन्टामा १४० जना कोरोना जितेर डिस्चार्ज भएका छन् । यस सँगै हालसम्म१६ हजार ४९३ जना कोरोना संक्रमणमुक्त भएका छन् । जुन ७०.७ प्रतिशत हो । धनकुटा, संखुवासभा, मनाङ, मुस्ताङ, डोल्पा र हुम्लामा कोरोनाकासक्रिय संक्रमित छैनन् । सोमबार थपिएको सहित संक्रिय संक्रमितको संख्या छ हजार ७३८ छ । पर्सा, रौटहट, महोत्तरी र काठमाडौंमा ५०० बढी सक्रिय सङ्क्रमित उपचाररत छन् ।

### कांग्रेसको ...

नभएकाले परीक्षणको नतिजाको आधारमा संक्रमित ठाउँहरुका लक्षित लक डाउन र आइसोलेसनको व्यवस्था गर्न पनि कांग्रेसले माग गरेको छ ।

खाडी देशहरुमा रोजगारी गुमाएर भिसा अवधि सकिएकाहरुलाई तत्काल स्वदेश फिर्ता गर्न र आर्थिक अभावमा रहेका नागरिकलाई सहयोग गर्न सम्बन्धित कुटनीतिक निकायलाई परिचालन गर्न पनि समितिले माग गरेको छ ।

### प्रभावित...

कसरी व्यवस्थित गर्ने लगायतका प्रावधान विधेयकमा रहेका छन् । विधेयक विचाराधिन हुँदा ती कामहरु गर्न बाधा पुग्न सक्ने पनि उनले बताए । नागरिक उड्डयन प्राधिकरण, नेपाल हवाई सेवा विधेयक, बिमा सम्बन्धि विधेयक, बैक तथा वित्तिय संस्था सम्बन्धि विधेयक, सार्वजनिक ऋृण व्यवस्थापन सम्बन्धि र धितोपत्र ऐन सम्बन्धि लगायतका विधेयक समितिमा अड्किँदा सरकारका काम कारवाही प्रभावकारी ढंगले अगाडी बढाउन समस्या उत्पन्न हुने उनले बताए ।

राष्ट्रियसभा र प्रतिनिधिसभामा भ्रष्टाचार र अख्तियार दुरुपयोग सम्बन्धि विधेयक, नागरिकता विधेयक, निजामति सेवा विधेयक लगायत महत्वपूर्ण विधेयकहरु विचाराधिन रहेका छन् । निजामती विधेयक पारित हुँदा प्रदेश निजामती सेवा बन्न सकेको छैन भने स्थानीय तहमा कर्मचारी भर्नाका काम पनि प्रभावित भएको उनले बताए । कोरोनाका कारण तत्काल संसदको अधिवेशन सुरु गर्न सक्ने अवस्था छैन । कोरोना संक्रमणको जोखिमका कारण संसदीय काम कारवाहीमा समेत असर परेको छ ।

संघीय संसद शुरु भएपछि १ सय २२ वटा विधेयक दर्ता भएका छन । ६८ वटा विधेयक दुबै सदनबाट पारित भइ राष्ट्रपतिबाट प्रमाणिकरण समेत भइसकेका छन । १ विधेयक फिर्ता भएको छ । संसदको छैटौँ अधिवेशनको अन्त्यसम्म समितिमा २० र दुबै सदनमा १९ वटा विधेयक विचाराधिन रहेका छन । प्रतिनिधिसभामा १५ र राष्ट्रियसभामा ३ वटा विधेयक विचाराधीन रहेका छन भने एउटा विधेयक प्रतिनिधिसभाबाट सन्देशसहित राष्ट्रियसभामा पठाएको भएपनि पेश हुन बाँकी रहेको छ । १३ वटा विधेयक दर्ता भएपनि प्रकृयामा जाँन बाँकी रहेका छन् ।

# उपत्यका भित्रका स्थानीय तहको सबै सेवा तीन हप्ताका लागि बन्द



**काठमाडौं/मस**-काठमाडौं उपत्यकामा कारोना भाइरसको संक्रमण बढ्दै गएपछि काठमाडौ उपत्यका भित्रका स्थानीय तहहरुले अत्यावस्यक बाहेकका सबै सेवा तीन हप्ताका लागि बन्द गर्ने निर्णय गरेका छन् । काठमाडौं उपत्यका भित्र रहेका नगरपालिकाका मेयरहरुको संगठन 'नगरपालिका मेयर फोरम'को सोमबार बसेको बैठकले तीन हप्ताका लागि अत्यावस्यक बाहेकका सबै सेवा बन्द गर्ने निर्णय गरेको हो । बैठकपछि निर्णयहरु सुनाउँदै मध्यपुर थिमि नगरपालिकाका मेयर मदन सुन्दर श्रेष्ठले उपत्यका भित्र समूदाय स्तरमा संक्रमणको उच्च जोखिम देखिएकोले भिडभाड कम गर्न अत्यावस्यक बाहेकका सबै सेवा बन्द गर्ने निर्णय भएको बताए ।

बैठकले सार्वजनिक यातायात पूर्ण रुपमा सञ्चालन भए पछि संक्रमण तीब्र गतिमा फैलिएको भन्दै सार्वजनिक यातायात सञ्चालनमा भदौ १५ गतेसम्म पुनः रोक लगाउन सरकारलाई अनुरोध गर्ने समेत निर्णय गरेको छ। कलकारखाना, उद्योग धन्दाहरु, निर्वाध रुपमा सञ्चालन भइर मजदुरहरुको दैनिक आवत जावत बढेकाले संक्रमणको जोखिम पनि बढेकोले उद्योग तथा कलकारखाना भित्रै क्वारेन्टाइनको व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पुरा गरेपछि मात्रै सञ्चालन गर्न दिने निर्णय गरेको छ । सामाजिक सुरक्षा भत्ता प्रायोजनको लागि नवीकरण गर्ने म्याद साउन मसान्त सम्म रहेकोमा असोज मसान्त सम्म कायम गर्न सरकारलाई अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ।

काठमाडौं उपत्यकामा अत्यन्त घनावस्ती रहेकाले कोरोना संक्रमण समुदाय स्तरमा पुग्ने खतरा रहेको भन्दै उपत्यका प्रवेश गर्ने प्रस्थान बिन्दुहरुमा अत्यन्त कडाई गर्न सरकारलाई अनुरोध गर्ने निर्णय समेत फोरमले गरेको छ। यस्तै क्वारेन्टाइन व्यवस्थापन र सञ्चालन नियमावली अनुसार रहने गरी एकीकृत क्वारेन्टाइन संघीय सरकारले सञ्चालन गर्ने र स्थानीय तहले व्यवस्थापनमा सहयोग गर्नेगरी तयारी गर्न सरकारलाई अनुरोध गर्ने निर्णय पनि मेयरहरुले गरेका छन् ।

संक्रमण फैलन सक्ने अवस्थालाई ध्यान दिएर सरकारको समर्थन वा विरोधमा ऱ्याली, भेला, अनसन, जुलुस लगायतका गतिविधि गर्न कडाईका साथ निषेध गर्ने र भिडहुने साँस्कृतिक गतिविधि जात्रा पर्व सञ्चालनमा रोक लगाउन सरकारलाई अनुरोध गर्ने निर्णय पनि भएको छ। यस्तै मास्क नलगाई आवत जावत गर्न तथा मास्कलाई उपयुक्त रुपमा प्रयोग नगर्नेहरुलाई कारवाही गर्ने विषयमा समन्वय गर्ने निर्णय पनि फोरमले गरेको छ । व्यापारिक क्षेत्र तथा सपिङ महलहरु, होटल, रेष्टुरेष्ट आदिमा कोभिड–१९ संक्रमणको उच्च जोखिमयुक्त क्षेत्र रहेकोले उच्च सतर्कता मापदण्डलाई कडाईका साथ पालना गर्नुपर्ने र सोको नियमित अनुगमन गरी कारवाही गर्ने निर्णय समेत भएको छ। पीसीआर परीक्षण्को आर्थिक भार बढी हुने र यसको उपयोगिता परीक्षण गरिएको सिमित अवधिलाई मात्र रहने भएकाले परीक्षण्को दायरा र दरलाई बढाउने मात्रै भन्दा पनि संक्रमण रोकथामको लागि क्वारेन्टाइनको संख्या र गुणस्तरमा ध्यान दिने निर्णय पनि बैठकले गरेको छ । अनाधिकृत रुपमा उपत्यका प्रवेश गरेका निर्माण कार्यका मजदुर, ठेलागाडा, साइकल, फुटपाथ, तरकारी व्यापार गर्न आएकाहरु बढी देखिएको भन्दै तरकारी व्यापारलाई साँझ विहान मात्र सञ्चालन गर्न दिने र निर्माण कार्य, फुटपाथ, ठेलागाडा, साईकल मार्फत गरिने व्यापारलाई भदौं १५ गते सम्मको लागि निषेध गर्ने निर्णय पनि बैठकले गरेको छ ।

## क्वारेन्टाइनको संख्या बढाउन आवस्यक : शाक्य

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले कोभिड-१९ को परीक्षण बढाउने भन्दा क्वारेन्टाइन व्यवस्थापनमा जोड दिनुपर्ने बताएका छन्। काठमाडौं उपत्यका नगरपालिका मेयर फोरमको सोमबारको बैठकमा फोरमका अध्यक्ष समेत रहेका मेयर शाक्यले पीसीआर परीक्षणको दर बढाउन भन्दापनि क्वारेन्टाइनको संख्या बढाउन आवस्यक रहेको बताए। पीसीआर परीक्षणले संक्रमण पछिको अवस्थाको जानकारी मात्र दिने भएकाले संक्रमण नै हुन नदिन व्यवस्थित र मापदण्ड अनुसारको क्वारेन्टाइन निर्माण गर्नुपर्ने बताए।

एक दिनमा १० हजार पीसीआर परीक्षण गर्दा ठूलो रकम खर्च हुने तर नतिजा ननिस्कने भएकाले पीसीआर परीक्षण भन्दा क्वारेन्टाइनमा राखेर संक्रमणको रोकथाम गर्नुपर्ने बताए । त्यस्तै कन्ट्याक्ट ट्रेसिङ गरी निश्चित ठाउँ शील गर्नुभन्दापनि उपत्यका प्रवेश गर्ने नाकाहरुमा शील गरी आवतजावतमा कडाई गरेमा संक्रमणको जोखिम न्युनीकरण गर्न सकिने शाक्यले बताए । मेयर शाक्यले बाहिरी जिल्ला र भारतबाट समेत मानिसहरु काठमाडौं आएकाले संक्रमणको जोखिम बढेको बताए । अहिले सम्म पनि समुदायमा धेरै संक्रमण नदेखिएको तर यसलाई नियन्त्रण गर्न नसके कुनैपनि बेला स्थिति भयावह हुन सक्ने उनले बताए । यो विषयलाई आफुले कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी)मा समेत राखेको र सरकारबाट समस्या समाधान हुने अपेक्षा गरिएको बताए ।

# बाजुरामा बाढी पहिरोले २७ घर बगायो

**महेश कार्की/मध्यान्ह**
बाजुरा, २६ साउन



बाजुरामा आइतबार रातिदेखि परेको अविरल वर्षासँगैको आएको बाढी पहिरोले २७ घर बगाएको छ भने जनजीवन प्रभावित भएको छ। जिल्लाको गौमुल गाउँपालिका र बडिमालिका नगरपालिकामा परेको अविरल वर्षासँगै बुढिगंगा नदीमा आएको बाढीले एक महिलालाई बगाएर बेपत्ता बनाएको छ। बाढी पहिरोका कारण दुई सय जना भन्दा बढी विस्थापित भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । क्षतिको पूर्ण विवरण भने आउँन बाँकी रहेको र उद्धार कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायब उपरीक्षक टंकप्रशाद भट्टराईले बताए ।

विभिन्न बस्तीमा बाढी र कटानसँगै पहिरो जाँदा ठूलो क्षति भएको हो । पहिरोका कारण बडिमालिका- २ घाग्रकी ५५ वर्षीया आउँसी देवी महत बेपत्ता भएकी छन्। बाढीले एक बेलीब्रीज र पाँच वटा झोलुङ्गे पुल बगाएको छ । गौमुल गाउँपालिका वडा नं-१ सिम गाउँका ८ घर, बडिमालिका नगरपालिका वडा नं -२ का १३ घर र वडा नं. ५ का ६ वटा घर गरी २७ वटा घर बाढि र पहिरोले बगाउँदा दुई सय भन्दा बढि अलपत्र परेका हुन् ।

अझै बाढी नरोकिएकोले उद्धार कार्य जारी रहेको छ । सयौ हेक्टर खेती योग्य जमिनसमेत बगाएको छ। नेपाली सेना, शसस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयहरु उद्धारमा आइतबार राति देखि खटिएका छन्। साफे-मार्तडी सडक खण्डमा पर्ने जडाङ्गाको बेलीब्रिज बगाएको छ। उक्त खण्ड अन्तर्गत बुढिगंगा नदीमा बनाएको बेलिबिज्र आइतबार राति वर्षाले बगाएको र अब सदरमुकाम आवतजावत गर्ने बाटो नै बन्द भएको प्रहरीले जनाएको छ । बुढिगंगा नदीको बहाव निकै बढेको स्थानीयहरुले बताएका छन् ।

बाजुरा जिल्लाका सडकहरुमा बर्षाले निकै क्षति पुऱ्याएको छ । बाजुराको बुढीगंगा नदीमा आएको पानीको बहावका कारण घागर, भौनेरा, रापकलगायत तटीय क्षेत्रका सबै बस्तीमा ठूलो क्षति भएको छ। स्थानीय ज्यान जोगाउन भागदौड गरिरहेका छन् । दशकौं पछि बुडीगंगा नदीमा यति ठूलो बाढी आएको स्थानीयहरु बताउँछन् । जिल्ला सदरमुकामबाट राति ३ बजे हिँडेको उद्धार टोली बडिमालिका नगरपालिकाको वडा नं -९ को पहिरोका कारण अगाडि जान नसकेको र सोमबार दिउँसो सशस्त्र प्रहरी र नेपाल प्रहरीसहितको उद्धार टोली सदरमुकाम नजिकै सेलाघाटको पहिरो पन्छाएर बाढी ग्रस्त स्थानमा पुगेर उद्धार कार्य जारी राखेको बताइएको छ ।

# इन्द्रजात्राको साइत सार्वजनिक



**काठमाडौं/मस–** नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको इन्द्रजात्राको साइत सार्वजनिक गरेको छ ।

जात्राको लिङ्गो काट्न वन यात्रा जाने साइत भदौ ४ गते बिहान ११:१५ बजे निस्किएको समितिका अध्यक्ष प्रा.डा.रामचन्द्र गौतमले बताए । रूख काट्ने साइत त्यसै दिन राति ९:२५ बजे छ । काटिएको लिङ्गो नगर प्रवेश गराउन साइत भदौ १० गते बुधबार बिहान १०:५५ बजे शुभ रहेको छ। लिङ्गो भोटाहिटीबाट भित्र प्रवेश गराउनुलाई नगर प्रवेश भनिन्छ।

भाद्र शुक्ल द्वादशीका दिने भदौ १४ गते आइतबार बिहान ७:०७ बजे इन्द्रध्वजोत्थान गर्ने साइत समितिको बैठकले दिएको छ । भाद्र शुक्ल चतुर्दशीका दिन भदौ १६ गते कुमारी यात्रा शुरु हुन्छ । यो इन्द्रजात्राको मुख्य दिन हो । यस दिन उपत्यकामा सार्वजनिक बिदासमेत दिइन्छ । त्यस दिन कुमारीलाई तल्लो टोल यात्रा गराउने परम्परा छ। भदौ १७ गते कुमारीलाई माथिल्लो टोल यात्रा गराइन्छ । यसैगरी भदौ २१ गते नानिचा यात्रा गराइने विधि रहेको छ । आश्विन कृष्ण चौथीका दिन इन्द्रध्वजपातन अर्थात् इन्द्रजात्राको लिङ्गो ढालिन्छ। यस वर्ष भदौ २२ गते बिहानीको ४:०६ बजे लिङ्गो ढाल्ने साइत निस्किएको समिति अध्यक्ष गौतमले बताए । उनले भने, 'शास्त्रीय ग्रन्थमा 'भरण्यां निशि पातयेत' भन्ने वाक्य उल्लेख भएअनुसार भदौ २२ गते बिहान ४:०१ बजेसम्म अश्विनी नक्षत्र रहेकाले ४:०६ बजे इन्द्रजात्राको लिङ्गो ढाल्नुपर्ने साइत समिति बैठकले शास्त्रीय मान्यताअनुसार सर्वसम्मतिले निर्णय गरेको हो', उनले भने ।

उपत्यकामा कोरोना भाइरसको संक्रमण बढ्दै गएकाले यस वर्ष इन्द्रजात्रा कुन रुपमा मनाउने भन्ने निर्णय भइसकेको छैन । कोरोनाकै कारण यस वर्ष रातो मच्छेन्द्रनाथको भोटो देखाउने जात्रासमेत हुन सकेको छैन । जात्राको व्यवस्थापन गुठी संस्थान काठमाडौं शाखाले गर्दै आएको छ ।

# कर्णालीमा प्रहरीको कोरोना सचेतना अभियान




**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, २६ साउन

कर्णालीमा कोरोनाको जोखिम बढेपछि प्रदेश प्रहरी कार्यालय कर्णालीले आफ्ना मातहतका १० वटै जिल्लाका प्रहरीहरुलाई कोरोना सचेतना अभियानमा परिचालन गरेको छ । गत असार १९ गतेबाट थालनी गरिएको यस अभियान निरन्तर चलिराखेको पाइएको छ । कोरोना नियन्त्रणका लागि स्वयं जनता नै सचेत हुनु पर्ने अवस्था छ । प्रहरीले जोखिम मोल्दै चलाएको कोरोना सचेतना अभियानले कर्णालीमा कोरोना संक्रमण फैलिने सम्भावना कम हुने आँकलन गरिएको छ ।

नेपालमा लकडाउन खुला भए पश्चात कर्णालीको हरेक बजार, बाटो, चोक र सरकारी कार्यालयहरुमा भिडभाड बढिरहेको, सामाजिक दुरी कायम नगरिएको र मास्क प्रयोग गरिएको कम देखिएपछि जनतालाई सजग बनाउन प्रहरी लम्किएको हो । कोरोना संक्रमणको जोखिम कम गर्न अभियान चलाइरहेको कर्णाली प्रदेश प्रहरी प्रमुख डीआईजी बसन्त कुमार पन्तले बताए ।

अभियानमा सबैलाई मास्क लगाउन अनुरोध गरीएको छ । हाल सम्ममा मास्क प्रयोग नगरी हिँड्ने ५ हजार ८ सय ५६ जनालाई सम्झाई बुझाई छाडिएको , पैशा र मास्क दुबै नहुने ५ सय जनालाई ५ सय मास्क वितरण गरिएको , पैशा र मास्क भएर पनि अटेर गर्ने २ हजार ७ सय ११ जनालाई प्रशासनमा बुझाइ रु १ सयका दरले २ लाख ७१ हजार १ सय रकम जरिवाना तिर्न लगाइएको प्रहरी प्रदेश प्रमुख कार्यालयले जनाएको छ ।

त्यस्तै समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक गोपाल रायमाझीको संयोजकत्वमा वीरेन्द्र नगर नगरपालिकाका प्रत्येक वडामा प्रत्येक दिन कोभिड १९ सचेतना जारी रहेको छ । जिल्लाको अगुवाइ र वीरेन्द्र नगर नगरपालिकाको सहयोगमा 'तपाइको मास्क खोइ ?' भन्ने अभियानम माइकिङ, सम्झाइ बुझाइ, पम्पलेट वितरण गर्दै जिल्लाभर सचेतना अभियान चलाउने जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी राजेन्द्र प्रसाद भट्टले मध्यान्हलाई बताए ।

# मास्क प्रयोग नगर्ने चार लाख कारबाहीमा

**काठमाडौं/मस–** सरकारले मास्क प्रयोग नगर्ने तीन लाख ९५ हजार व्यक्तिलाई नियन्त्रणमा लिएर कारबाही गरेको छ । सरकारले नेपालमा फैलँदै गएको कोभिड-१९ का कारण बन्दाबन्दी गरेपछि मास्कको प्रयोग नगर्ने देशभरका व्यक्तिलाई नियन्त्रणमा लिई सम्झाईबुझाई छोड्नाका साथै जरिवनासमेत गरेको हो ।

गृहमन्त्रालयले एक विज्ञप्ति जारी गर्दै अनुमति विना काठमाडौं उपत्यका प्रवेश गर्न खोज्ने सात हजार ६०० सवारी साधन र करीब १९ हजार ४०० यात्रुलाई प्रवेश नाकाबाटै फिर्ता गरिएको जानकारी गराएको छ । गृह मन्त्रालयका प्रवक्ता, सहसचिव चक्रबहादुर बुढाले तोकिएको निर्देशन विपरीत हालसम्म सवारी चलाउने करीब एक लाख ३७ हजार दुईपाङग्रे र चारपाङ्ग्रे सवारी साधनलाई होल्ड गर्नाका साथै जोरबिजोर प्रणाली नमान्ने पाँच हजार ३०० सवारी साधनलाई कारबाही गरिएको बताए ।

मन्त्रालयले कोभिड-१९ को बढ्दो संक्रमण नियन्त्रणका लागि जारी निर्देशनको कडाइपूर्वक कारबाही गर्ने कार्य निरन्तर जारी रहेको जनाएको छ । सरकारले कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयद्वारा जारी जनस्वास्थ्य मापदण्ड र गृह मन्त्रालयद्वारा जारी सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्न सबैलाई आग्रहसमेत गरेको छ । गृह मन्त्रालयले यातायातमा जोरबिजोर प्रणालीको पालना गर्ने, अनिवार्यरुपमा माक्सको प्रयोग गर्नेलगायत निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन सबैलाई निर्देशनसमेत दिएको छ।

# सरकारी रकम हिनामिना गर्ने सहायक लेखापाल निश्कासन

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २६ साउन

सरकारी रकम हिनामिना गरी ब्यक्तिको खातामा हाल्ने लेखा सहायकलाई जागिरबाट हटाइएको छ । रुकुम पश्चिमको त्रिवेणी गाउँपालिकाको रकम आफ्नो खातामा हाल्ने लेखा सहायक सुवास केसीलाई जागिरबाट हटाइएको हो।

गाउँपालिका अध्यक्ष झक्कुप्रसाद घर्तीको संयोजकत्वमा गठन गरिएको छानबिन कार्यदलले करार सेवामा रहेका सहायक लेखापाल केसीलाई कार्यपालिकाले जागिरबाट हटाएको गाउँपालिकाका अध्यक्ष घर्तीले मध्यान्हलाई जानकारी दिए ।

उनले गाउँपालिकाको २५ लाख रकम आफ्नो, आफ्नी श्रीमती र भतिजको खातामा हालेपछि थप अनुसन्धानका लागि जिल्लामा झिकाएर केसीसहित चार जनालाई जिल्ला प्रशासन कार्यालयले सामान्य सोधपुछ पछि छोडेको थियो ।

आफ्ना नातेदारसमेत रहेका गाउँपालिकाका लेखापाल हेमन्त केसीको मिलेमतोमा सहायक लेखापाल पक्का लागि करारमा नियुक्त भएका केसीले आफ्नो ब्यक्तिगत खातामा मात्रै ७ लाख रुपैयाँ रकम जम्मा गरेका थिए । फागुनमा नियुक्त भएका केसीले आफ्नो भत्ता र तलब भन्दै प्रती महिना एक लाखका दरले आफ्नो खातामा गाउँपालिकाको रकम जम्मा गरेको छानबिन कार्यदलले फेला पारेको छ ।

छानविन कार्य चलिरहँदा सरकारी रकम फिर्ता गरेका त्रिवेणी गाउँपालिकाका लेखापाल हेमन्त केसीलाई भने थप कागजात मागेर जिल्ला प्रशासन कार्यालयले अनुसन्धान गरीरहेको अध्यक्ष घर्तीले जानकारी दिए ।

# वीपी कोइराला युवा नेतृत्व विकास मञ्च कास्कीमा पौडेल



**पोखरा/मस–** वीपी कोइराला युवा नेतृत्व विकास मञ्च कास्कीको अध्यक्षमा ज्यो. पं. कमल पौडेल मनोनित भएका छन्। लामो समयदेखि ने बि संघको राजनीतमा सकृय पौडेल पोखरा बगरस्थित बिन्दुबसिनी संस्कृत क्याम्पसका पुर्व इकाइ सभापति हुन् ।

लायन्स क्लब अफ पोखरा भिजिटका अध्यक्ष, विश्व हन्दू महासंघ कास्कीका महासचिव, नेपाल ज्योतिष परिषद् गण्डकी प्रदेश महासचिव, नेपाल पत्रकार मञ्च गण्डकी प्रदेश उपाध्यक्ष, प्रेस युनियन कास्कीका कार्यसमिति सदस्यसमेत रहेका पौडेललाई आइतबार केन्द्रीय अध्यक्ष नीलकण्ठ रिजालले जिल्ला अध्यक्षमा मनोनित गरेका हुन् । आइतबार मञ्चको अध्यक्षमा मनोनित भएका हुन् । पौडेल लामो समयदेखि धार्मिक क्षेत्र पत्रकारिता, समाजसेवाका साथै ज्योतषीय सेवामा सक्रिय छन् ।

पौडेलले अध्यक्षा मनोनित भएसँगै वीपी कोइरालाका विचारलाई युवा माझ पुऱ्याउन प्रशिक्षण तथा कार्यक्रम सञ्चालन गर्ने बताए ।

पौडेलसँगै मञ्चको २१ जिल्ला अध्यक्षमध्ये लमजुङमा श्रीकृष्ण पौडेल, स्याङ्जामा प्रकाश भुषाल मनोनित भएका छन् । जिल्ला अध्यक्षहरुले अब कार्यसमिति विस्तार गर्ने बताइएको छ ।

# प्रत्यायोजित समितिमा उपसमिति गठन



**काठमाडौं/मस–** राष्ट्रिय सभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले काम कारबाहीलाई व्यवस्थित रुपमा सम्पादन गर्न तीनवटा उपसमिति गठन गरेको छ ।

सोमबार बसेको समितिको बैठकमा सभापति रामनारायण विडारीले कोभिड रोकथाम तथा नियन्त्रणका लागि काम गर्न अप्ठेरो भएको अवस्थामा समितिका कार्यहरु व्यवस्थित र प्रभावकारी रुपले सम्पादन गर्न उपसमिति गठन गरिएको बताए । राष्ट्रिय सभा नियमावलीको नियम १५२ बमोजिम विभिन्न कार्यदेश र कार्याविधि भएको उपसमितिहरु गठन गरिएको बताए । समितिले प्रत्यायोजित व्यवस्थापन उपसमिति, सरकारी आश्वासन उपसमिति, राष्ट्रिय महत्वका दस्तावेज अभिलेख संरक्षण उपसमिति गठन गरेको हो ।

सबै समितिको कार्यअवधि तीन महिनाको रहेको छ । प्रत्यायोजित व्यवस्थापन उपसमितिमा संयोजक राधेश्याम अधिकारी र सदस्यहरुमा अगम प्रसाद वान्तवा राई, नरपति लुवार र नैनकला ओझा रहेका छन् । यो उपसमितिले मन्त्रालयले बनाएका प्रत्यायोजित विधायनहरु अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्नुपर्ने छ । यस्तै सरकारी आश्वासन समितिमा संयोजक शेरबहादुर कुँवर र सदस्यहरु विना पोखरेल, शान्ती कुमारी अधिकारी जिसि र हरिराम चौधरी रहेकी छन् । यो समितिले सरकारका तर्फबाट भएकाका आश्वासन र प्रतिवद्धताहरुको अध्ययन गर्ने र प्रतिवेदन पेश गर्नुपर्ने छ । राष्ट्रिय महत्वका दस्तावेज अभिलेख संरक्षण उपसमितिमा संयोजक समिति सभापति रामनारायण विडारी र सदस्यहरु गोपाल भट्टराई, चन्द्रबहादुर खड्का, तुलसा कुमारी दाहाल, सुमित्रा बिसी रहेकी छन् । यो उपसमितिले राष्ट्रिय महत्वका दस्तावेज अभिलेख सरंक्षणका सम्बन्धमा छलफल र अध्ययन गरी नीतिगत विषयहरु समेटेर प्रतिवेदन तयार गरी समितिमा पेश गर्नुपर्ने छ । कोभिड १९ संक्रमणको अवस्था बढ्दै गएकाले समितिको बैठक १५ दिन सम्म नबस्ने भएको छ । सभापति विडारीले १५ दिन पछिको स्थिति हेरेर बैठक बस्ने वा नबस्ने निर्णय हुने बताए ।

## सम्पादकीय

# अनशनमा नैतिकता

'इनफ इज इनफ' समूहले सरकार सँगको वार्ता पछाडि साउन २५ गते अनशन तोडेका छन् । पहिलो पटक प्रधानमन्त्री केपी शर्मा ओली आफै अस्पताल पुगेर प्रतिबद्धता जनाएपछि अनशन तोडेका यो समूह दोस्रो पटक २३ दिनसम्म अनशन बसेका थियो । यो समूहका ई: सहितलाई अनशन तोडाउन उपप्रधानमन्त्री एवम् कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिका संयोजक ईश्वर पोखरेल र स्वास्थ्य मन्त्री भानुभक्त ढकालले १३ बुँदे प्रतिबद्धता जनाएका छन् ।

असार १८ गते प्रधानमन्त्री केपी शर्मा ओली अस्पताल पुगेर १६ बुँदे सहमति गरेका थिए । तर, सहमति कार्यान्वयन नभएको भन्दै यो समूहले साउन ३ गतेबाट फेरि अनशन शुरू गरेका थिए । अनशनरतहरूको जीवन रक्षाका लागि प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस, विपक्षी दलहरू साझा पार्टी लगायतले समर्थन जनाएका थिए । प्रधानमन्त्री ओली आफैंले गरेको सहमति कार्यान्वयन नभएकाले माग पूरा नभएसम्म अनशन जारी राखेको यो समूहले दुई दिन अगाडि १३ बुँदे सहमति गरेको छ ।

अनशनमा बस्ने तिनै समूह हुन् । जसले केही समय अगाडि झण्डै सरकारलाई नै घुँडा टेकाएका थिए । पीसीआर परीक्षणको सुनिश्चितता माग गर्दै यही समूहले राजधानी उपत्यका सहित देशभर प्रदर्शन गरेका थिए । त्यसबेला पनि यो समूहमाथि सरकारी हस्तक्षेप भएको थियो । लगातार तीन दिन ठूला शहरहरूमा प्रदर्शन भएपछि सरकारले पीसीआर परीक्षणको दायरा बढाउने, कोभिड महामारी नियन्त्रणमा भएको खर्च विवरण सार्वजनिक गर्ने लगायत निर्णय गर्न बाध्य भएको थियो । फेरि, पनि महामारी नियन्त्रणमा सरकारको काम प्रभावकारी नभएको भन्दै ई: लगायतले दुई पटक अनशन गरिसकेका छन् ।

तर, महामारी नियन्त्रणमा सरकार आफैं अलमलिदै आएको छ । कुनै अध्ययन बिना लकडाउन गरिएको, लकडाउन अन्त्य गर्न पनि गतिलो अध्ययन नगरिएको र फेरि लकडाउनबारे प्रधानमन्त्री ओली आफैंले विषय विज्ञहरूसँग छलफल गरेका छन् । अर्थात्, सरकार शुरूबाटै अलमलमा देखिएको छ भने महामारी नियन्त्रणमा प्रभावकारी कदम चाल्नबाट चुक्दै आएको छ । अर्थात्, फेरि पनि अनशनरत समूहको माग पूरा हुने बलियो आधार देखिदैन । एउटा लोकतान्त्रिक र जनताप्रति उत्तरदायी सरकारमा यस्तो प्रवृत्ति देखिनु आफैंमा लज्जाको विषय हो । ज्यानकै माया मारेर आन्दोलनमा उत्रनु र अनशनमा उत्रनुको पछाडि आम सर्वसाधरणको जीवनरक्षाको माग छ । तर, सरकारको नैतिकता भने पटक–पटक आफैंमा अनशनमा देखिदै आएको छ । सरकारले आफ्नो जीवन रक्षा गर्न जनताको जीवनरक्षा पहिलो सर्त हो भन्ने भुल्न हुन्न ।

## सामाजिक सञ्जाल




कोरोना संक्रमण विस्तारको क्रममा सुरक्षा एवं स्वास्थ्यकर्मीको संक्रमित संख्या पनि बढ्दै गएको दुखद् समाचार ! यी क्षत्रमा सम्भावित जोखिम नियन्त्रणको लागि  थप स्वास्थ्य सुरक्षा प्रबन्ध हुनु जरूरी !

**– डा. रामशरण महत**



विद्युत् प्राधिकरणले मिटर नै रिड नगरी खातामा रकम चढाइ दियो । पहिले बढी बिल गरिसकेकोले अब न्यूनतम बिल गरिरहेको छ । तिर्नेको ब्याज गयो नतिर्नेलाई अनाहकमा जरिवाना । सरकारी संस्था हो । २/३ को सरकार हो । कसले के भन्ने?

**– सतिशचन्द्र लाल**





कोरोनाले भयावह रूप लिइसक्यो । युवाका माग पूरा गर्दा सबैलाई राम्रो हुन्थ्यो । सरकार किन युवा धरपकड गर्ने उल्टो बाटोमा ? अत्ति भो के !

**– दिनेश प्रसाई**



बन्द, लकडाउन, हडताल समस्याको समाधान होइन समस्याको समाधान सतर्कता सावधानी हो बुझौं आफ्नै खुट्टामा बन्चरो नहानौं । कोरोना त अब रहिरहन्छ सिकौं, नभागौं ।

**– कृष्ण दुलाल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# कोरोनाले प्रभावित आर्थिक क्षेत्र सुधारका उपाय



■ सिर्जना अधिकारी

“

**कोभिड–१९ को प्रभावका कारण आर्थिक वृद्धि न्यून रहने देखिएको छ । कोभिड–१९ को प्रभावका कारण खानी तथा उत्खनन, उत्पादन, निर्माण, होटल तथा रेस्टुरेन्ट एवम् यातायात क्षेत्रको आर्थिक वृद्धि ऋणात्मक रहने अनुमान गरिएको छ ।**

अहिले विश्व कोरोना भाइरस (कोभिड-१९) को महामारीमा छ । भाइरसका कारण विश्वभर करिब ६ लाख मानिसले अकालमा ज्यान गुमाइसकेका छन् । विश्वव्यापी रूपमा यो फैलिने क्रम बढ्दो छ । लकडाउन खुकुलो भएसँगै नेपालमा पनि संक्रमितको संख्या बढ्दै गएको छ । हालसम्म करिब १८ हजार संक्रमित भएका छन् भने ४० जनाको मृत्यु भएको छ । लामो समयको लकडाउन खुकुलो हुँदा बजारमा चहलपहल बढदै गएको छ भने बिस्तारै आर्थिक क्रियाकलाप पनि सुचारु हुँदै गएका छन् । सरकारले चैत ११ देखि लागू गरेको १ सय २० दिन लामो लकडाउन मंगलबारदेखि अन्त्य भएको घोषणा गरेको छ । यसले आमनागरिकमा उत्साह त जगाएको छ, सँगै जोखिम बढ्ने चिन्ता पनि छ । व्यक्तिगत सुरक्षा सामग्रीहरूमा सर्वसाधारण नागरिकको सहज पहुँच नहुँदा कोरोना संक्रमण दोस्रो चरणमा प्रवेश त गर्ने होइन भन्ने चिन्ता छ ।

विश्वव्यापी अर्थतन्त्रमा गिरावट आएसँगै नेपालको अर्थतन्त्रमा पनि संकुचन आएको छ । सरकारले बजेटको ठूलो हिस्सा कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि खर्च गर्ने घोषणा गरेको छ । तर, लकडाउनले धराशायी भएका र सुस्ताएका उद्योग-धन्दाहरूलाई पहिलेको अवस्थामा फर्काउन गाह्रो छ । कोरोनाका कारण मध्यपूर्व र खाडी मुलुकबाट रोजगारी गुमाएर घर फर्केका युवाहरूलाई रोजगारी सिर्जना गर्ने कार्यमा चुनौती थपिदिएको छ । यसै त रोजगारीका अवसर कम भएको हाम्रो मुलुकमा कोरोनाले नयाँ रोजगारी सिर्जना गरी अहिलेको बेरोजगारी समस्या हल गर्न सहज छैन । औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूले एकैपटक रोजगारी गुमाउँदा आर्थिक संकट झेलिरहेका छन् । अर्थतन्त्रका सबै क्षेत्रमा कोभिड-१९ को प्रभाव देखिन थालेको छ । गत आर्थिक वर्षको तुलनामा आर्थिक वृद्धिमा उल्लेख्य गिरावट आएको अनुमान छ । विगत तीन वर्षमा औसत ७.३ प्रतिशत आर्थिक वृद्धि हासिल भएकोमा आर्थिक वर्ष २०७६/७७ मा २.२८ प्रतिशत आर्थिक वृद्धि हुने केन्द्रीय तथ्यांक विभागको अनुमान छ । कोभिड-१९ को प्रभाव सुरु हुनुपूर्व ७ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हुन सक्ने प्रक्षेपण गरिएकोमा अर्थतन्त्रमा देखिएको असहज अवस्थाका कारण आर्थिक वृद्धि न्यून रहने देखिन्छ । कोभिड-१९ पूर्वको यस प्रक्षेपणलाई केन्द्रीय तथ्यांक विभागको पछिल्लो सार्वजनिक अनुमानसँग तुलना गर्दा अर्थतन्त्रमा प्रचलित मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादनमा करिब रु. १ खर्ब ६८ अर्बबराबरको क्षति भएको प्रारम्भिक अनुमान नेपाल राष्ट्र बैंकको छ । कुल निर्यात, आयात र विप्रेषण आप्रवाहमा संकुचन आएसँगै सरकारको राजस्व संकलन र खर्च पनि प्रभावित भएको छ ।

नेपाल राष्ट्र बैंकले हालै आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति सार्वजनिक गरेको छ, जसअनुसार आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गरिने लक्ष्य राखिएको छ । त्यसैगरी नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमा ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य राखेको छ । कोभिड-१९ को प्रभावका कारण आर्थिक वृद्धि न्यून रहने देखिएको छ । कोभिड-१९ को प्रभावका कारण खानी तथा उत्खनन, उत्पादन, निर्माण, होटल तथा रेस्टुरेन्ट एवम् यातायात क्षेत्रको आर्थिक वृद्धि ऋणात्मक रहने अनुमान गरिएको छ । चालू आर्थिक वर्ष कृषिक्षेत्रको वृद्धि २.६ प्रतिशत, उद्योग क्षेत्रको ३.२ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि २.० प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमश: २७.६ प्रतिशत, १४.३ प्रतिशत र ५८.१ प्रतिशत रहने अनुमान छ ।

बैंक तथा वित्तीय संस्थाको २०७६ चैत मसान्तमा लगानीमा रहेको कर्जामध्ये ६५.१ प्रतिशत घरजग्गाको धितोमा र १३.३ प्रतिशत चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको देखिन्छ । यसरी हेर्दा उत्पादनमूलक क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी बढी छ । उत्पादनशील क्षेत्रमा लगानी नहुँदा रोजगारी सिर्जना गर्ने दिशातर्फ खासै ध्यान दिएको देखिँदैन । जसले गर्दा आगामी दिनमा बेरोजगारी समस्या झनै विकराल रूपमा देखिनेछ । जसले सम्बोधन गर्न सरकारलाई निकै गाह्रो पर्नेछ । विगत नौ महिनामा विप्रेषण आप्रवाहमा ४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २०.९ प्रतिशतले बढेको थियो । यद्यपि वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या १०.२ प्रतिशतले बढेको छ । यसरी हेर्दा देशमा रोजगारीको अवसर नभएर युवा दिन-प्रतिदिन बिदेसिएका छन् । युवालाई स्वदेशमै रोजगारी अवसर सिर्जना गरी अर्थतन्त्र चलायमान गराउन सके दूरगामी रूपमा यसले ठूलो प्रभाव पार्ने थियो । युवा जनसंख्या बढी भएको नेपालमा युवालाई उत्पादनशील क्षेत्रमा लगाउन सके आर्थिक रूपमा देशले कोल्टे फेर्ने थियो भने मुलुक चाँडै समृद्धिको दिशातर्फ अघि बढ्ने थियो । तसर्थ, कोरोनाबाट प्रभावित अर्थतन्त्र पहिलेको अवस्थामा फर्काउन सरकारले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आर्थिक नीति एवं रणनीतिहरू तर्जुमा गर्न अब ढिलाइ गर्नु हुँदैन । राष्ट्र बैंकले हालै जारी गरेको मौद्रिक नीतिले कोरोनाबाट प्रभावित अर्थतन्त्रलाई माथि उठाउन केही हदसम्म भए पनि योगदान गर्नेछ । यद्यपि कोरोनो प्रभावसँगै देशभर बाढी, पहिरोलगायतका प्राकृतिक प्रकोपका घटनाले ठूलो भौतिक एवं मानवीय क्षति भएको छ । यसले गर्दा अर्थतन्त्रमा संकुचन आउन सक्छ । यसतर्फ सम्बन्धित सबै सरोकारवालाको ध्यान जानु जरुरी छ । अर्थतन्त्र चलायमान नहुँदा हरेक क्षेत्रमा यसको प्रभाव देखिन थाल्छ । त्यसैले समयमै आर्थिक क्रियाकलाप सुचारु गर्नु आवश्यक छ ।

# मौद्रिक नीतिका सकारात्मक पाटाहरु



रिसब गौतम

नेपाल राष्ट्र बैंकले दुई दिनअघि आर्थिक वर्ष २०७७/७८ का लागि मौद्रिक नीति ल्याएको छ । सो मौद्रिक नीतिलाई लिएर यतिबेला विभिन्न तवरमा टीकाटिप्पणी भइरहेका छन् । निजी तथा सार्वजनिक सबै क्षेत्रले यसपटकको मौद्रिक नीति आशा गरिएजस्तै भनेर टिप्पणी गरेका छन् । कोभिड-१९ अर्थात् कोरोना भाइरसको महामारीका कारण अर्थतन्त्रका यावत् अवयवहरूमा परेको प्रभावलाई न्यूनीकरण गर्ने र अर्थतन्त्रलाई पुनर्जागरण गर्ने गरी मौद्रिक नीति आउनुपर्ने थियो । सोहीअनुरूप नै मौद्रिक नीति आएको व्यापारी, बुद्धिजीवी तथा अर्थविद्हरूको विश्लेषण रहेको छ । पंक्तिकारको पनि ठहर त्यही हो । यसपटकको मौद्रिक नीतिमा नवनियुक्त गभर्नरले निश्चय नै आफ्नो लामो अनुभव र दक्षता देखाएकै छन् ।

मूलत: मौद्रिक नीति बजेटपछि आउने गर्छ । यहाँ मात्रै होइन, तमाम देशहरूमा त्यही चलन हो । मौद्रिक नीतिको मूल उद्देश्य बजेटले लिएको लक्ष्य तथा उद्देश्यलाई सघाउ पुऱ्याउँदै त्यसमा समाविष्ट कार्यक्रमहरूलाई सहजीकरण गर्नु हो । आर्थिक सन्तुलनलाई बिगार्न नदिई अर्थतन्त्रलाई सही दिशानिर्देश गर्ने हो । त्यसकारण यसपटक मौद्रिक नीतिमार्फत आएका आर्थिक उपकरणहरूले थलिएको अर्थतन्त्रलाई टेवा दिने नै देखिन्छ । त्यसका लागि शीघ्र कार्यविधि बनाएर त्यसलाई कार्यान्वयनमा लानुपर्ने खाँचो छ ।

खासगरी आर्थिक बर्ष २०७७/७८ का लागि ल्याइएको बजेट कोरोना माहामारीसँग जुध्ने र अर्थतन्त्रमा त्यसको नकारात्मक प्रभाव घटाउनेमा जोड रहेको छ । वास्तवमा अहिलेको आवश्यकता पनि कोरोनासँग जुध्ने र अर्थतन्त्रलाई असन्तुलनतिर अघि बढ्न नदिई त्यसलाई जीवन्त तुल्याउनु हो । आर्थिक असन्तुलन कायम राखेर रोजगारी वृद्धि, गरिबी निवारण र विकास-निर्माणमा नै सबैंको ध्यान जानुपर्छ । त्यसतर्फ बजेटले मात्रै नभएर मौद्रिक नीतिले पनि प्रशस्त ध्यान दिएको देखियो । त्यसकारण यसपटकको मौद्रिक नीति लचकदार एवं आशा गरिएजस्तै हो ।

यसपटकको मौद्रिक नीतिले कोरोना महामारीबाट अति प्रभावित उद्योग व्यवसायहरूले बैंकहरूलाई तिर्नुपर्ने ऋण ६ देखि २ वर्षसम्ममा तिर्न सकिने व्यवस्था मिलाएको छ । त्यसले पनि थलिएको उद्योग तथा व्यवसायको क्षेत्रलाई धेरै हदसम्म त्राण भरेको छ । त्यसैगरी त्यस्ता उद्योग-व्यवसायहरूले आफ्नो व्यापार-व्यवसायलाई अघि बढाउन लिएको ऋणको थप २० प्रतिशत चालू पुँजीका रूपमा कर्जा लिन पाइने व्यवस्था मौद्रिक नीतिले ल्याएको छ, त्यो असाध्यै राम्रो एवं व्यवसायमैत्री छ; जसले समग्र उद्योगी-व्यवसायीहरूलाई उत्साह भरेको छ । त्यसैगरी यसपटकको मौद्रिक नीतिमार्फत घरजग्गा कर्जामा दिइँदै आएको ऋणको सीमालाई समेत बढाएको छ । त्यसले पनि ऋण उत्साह दिएको छ । यसअघि घरजग्गा कर्जाको सीमा मूल्यांकनको ५० प्रतिशत दिइने व्यवस्था रहेकोमा अहिले ६० प्रतिशत पुऱ्याइएको छ ।

---

**मौद्रिक नीतिले सेयर बजारलाई पनि सम्बोधन गरेको छ । मार्जिन कर्जाको सीमालाई ६५ प्रतिशतबाट बढाएर ७० प्रतिशत पुऱ्याएपछि सेयर बजारमा नै त्यसको सकारात्मक प्रभाव पर्न थालिसकेको छ ।**

---

मौद्रिक नीतिले सेयर बजारलाई पनि सम्बोधन गरेको छ । मार्जिन कर्जाको सीमालाई ६५ प्रतिशतबाट बढाएर ७० प्रतिशत पुऱ्याएपछि सेयर बजारमा नै त्यसको सकारात्मक प्रभाव पर्न थालिसकेको छ । दुई दिनअघि मात्रै सर्वजनिक मौद्रिक नीतिमा सेयर धितोमा कर्जाको सीमा बढाएपछि आइतबारको सेयर बजारमा निकै उत्साह देखियो । लगानीकर्ताहरूले खरिद चाप बढाउँदा बजार परिसूचक १ घण्टामा नै सकरात्मक सर्किट ब्रेक लागेर कारोबार बन्द भयो । एकै दिन ८४ अंकले बढेर नेप्से परिसूचक १,४८० बिन्दुको नजिकमा पुग्यो ।

खासगरी यसपटकको मौद्रिक नीतिप्रति अटो क्षेत्र, हाउजिङ क्षेत्र र लघुवित्त वित्तिय संस्थाहरू सन्तुष्ट रहन सकेनन् । मौद्रिक नीतिले लघुवित्तहरूलाई १५ प्रतिशतको कर्जाको ब्याजदर सीमा तोकेकाले नै उनीहरू सन्तुष्ट रहन नसकेका हुन् । यसअघि लघुवित्त वित्तीय संस्थाहरू आफ्नो लक्ष्य, उद्देश्य बिर्सेर जथाभावी ब्याजदर निर्धारण गर्दै आएका थिए । त्यसमाथि यसै मौद्रिक नीतिले लघुवित्तको नयाँ दर्ता रोकेको पनि छ । फलस्वरूप लघुवित्त क्षेत्र मौद्रिक नीतिप्रति असन्तुष्ट रहेको छ ।

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरूको कर्जासँग निक्षेप तथा प्राथमिक पुँजीको अनुपात (सीसीडी रेसियो) लाई ८० बाट बढाएर ८५ प्रतिशत पुऱ्याएको छ । यसबाट बैंकहरूको कर्जा दिन सक्ने क्षमता बढाएको छ, जसले बजारमा तरलताको प्रवाह राम्रो हुने भएकाले पनि यसबाट निजी उद्योग-व्यवसायको क्षेत्र खुसी छ । बैंकहरूलाई पनि यसले लगानीका लागि सजिलो बनाएको छ । अन्यथा बैंकहरूले आफ्नो प्राथमिक पुँजीको २० प्रतिशत रकम राष्ट्र बैंकमा सञ्चित गर्नुपर्थ्यो । यो व्यवस्थासहित बिग मर्जरलाई अनिवार्य नगरी स्वेच्छिक एवं प्रोत्साहनकारी बनाइएकाले पनि बैंकहरू मौद्रिक नीतिबाट सन्तुष्ट देखिएका छन् ।

त्यसैगरी ऋणीहरूलाई मौद्रिक नीतिले थप सुविधा दिएको छ । कोरोनाको प्रभावलाई मध्यनजर गर्दै कोरोनाबाट अतिप्रभावित ऋणले २ वर्ष, मध्यम प्रभावित ऋणीले ९ महिना र कम प्रभावित ऋणीले ६ महिनासम्ममा कर्जाको सावाँ-ब्याज भुक्तानी गर्नुपर्ने समय सीमा बढाइएको छ । मौद्रिक नीतिको यही व्यवस्थाले उद्योगी-व्यवसायीहरू बढी खुसी एवं उत्साहित भएका छन् । व्यवसायीहरूले उत्साहित हुँदै सार्वजनिक रूपमै कार्ययोजना शीघ्र बनाएर छिटो कार्यान्वयनमा ल्याइनुपर्ने बताएका छन् । कतिपयले भने मौद्रिक नीतिका प्रावधान राम्रो भए पनि कार्यान्वयन हुन नसक्ने बताएका पनि छन् ।

कोरोना महामारी सुरु भएसँगै गरिएको लकडाउनका कारण पर्यटन तथा हवाई उड्यन, होटल-रेस्टुराँपछि सबैभन्दा प्रभावित सार्वजनिक यातायातको क्षेत्र बन्यो । फलस्वरूप यस क्षेत्रले राहतको माग गर्दै आन्दोलन पनि गऱ्यो । मौद्रिक नीतिले यस्तो अतिप्रभावित क्षेत्रलाई २० प्रतिशत चालू पुँजीसहित कर्जा तिर्ने समयावधि थपेसँगै यस क्षेत्र पनि उत्साहित बनेको छ । उनीहरू सवारी साधन चलाउन राजी समेत भएका छन् ।

त्यसैगरी मौद्रिक नीतिबाट साना उद्यमी-व्यवसायी पनि खुसी छन् । तोकिएको क्षेत्रमा पुनर्कर्जा, २ प्रतिशत ब्याजदमा लघु, घरेलु तथा साना उद्यम पुनर्कर्जा र ३ प्रतिशत ब्याजदरमा तोकिएको क्षेत्रमा साधारण पुनर्कर्जा प्रदान गरिएको विषयले साना उद्यमीहरू उत्साहित बनेका छन् । विकास बैंकहरूले कुल कर्जा लगानीको २० प्रतिशत र वित्त कम्पनीहरूले कुल कर्जा लगानीको १५ प्रतिशत अनिवार्य रूपमा कृषि तथा लघु उद्यममा लगानी गर्नुपर्ने व्यवस्थाले पनि उनीहरू सन्तुष्ट छन् ।

त्यसैगरी मौद्रिक नीतिले सहुलियतपूर्ण कर्जालाई प्रदेशअनुसार सन्तुलन मिलाउन र लक्षित वर्ग एवं क्षेत्रसमक्ष त्यस्तो सुविधा पुऱ्याउन वाणिज्य बैंकहरूलाई त्यस्तो कर्जा अनिवार्य प्रवाह गर्नुपर्ने व्यवस्था गरिदिएको छ । यसरी जुन ढंगले साना तथा मझौला उद्योग, कृषि क्षेत्रलाई मौद्रिक नीतिले प्राथमिकता दिएको छ त्यसले पनि मौद्रिक नीतिको ओज बढाएको छ । बैंकरहरूले नै मौद्रिक नीतिको खुलेर प्रशंसा गरेका छन् ।

मौद्रिक नीतिले बैंकहरूले सेवाग्राहीसँग लिँदै आएका सेवा शुल्क कटौती गरेको छ । सो व्यवस्थाको पनि सबैले तारिफ गरेका छन् । बैंकहरूले कर्जा स्वीकृत गर्दा सहकारीले झैं चर्को शुल्क असुल्दै आएका थिए । कतिपय बैंकले ३ प्रतिशतसम्म सेवा शुल्क र ६ प्रतिशतसम्म अन्तरब्याजदर कायम गरी नाफा आर्जन गरिरहेका थिए । मौद्रिक नीतिले त्यसमा अंकुश लगाएर राम्रो गरेको छ । यसरी यस पटकको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले अर्थतन्त्रलाई पुनरुत्थान गर्न प्रभावकारी उपकरणहरू ल्याएको छ । यसबाट अनुभवी गभर्नरको सक्षमता पनि मापन भएको छ ।

खासगरी कोरोनाका कारण २० प्रतिशत व्यवसाय उठ्नै नसक्ने गरी ध्वस्त भए भन्ने अनौपचारिक अहिलेको तथ्यांक छ । अर्थतन्त्रमा यो विघ्न नकारात्मक प्रभाव परेको घडीमा मौद्रिक नीतिले अर्थतन्त्र पुनर्जागरणका लागि ल्याएका उपकरणहरू निश्चय नै जायज र प्रशंसनीय छ ।

# चीनद्वारा ११ अमेरिकीमाथि प्रतिबन्ध



**काठमाडौं/एजेन्सी–** चीनले अमेरिकी सिनेटरहरु मार्को रुबिओ र टेड क्रुज समेतका ११ जना प्रभावशाली अमेरिकी नागरिक विरुद्ध प्रतिबन्धहरुको घोषणा गरेको छ । हङकङ मामिलासँग जोडिएको भन्दै अमेरिकाले चिनियाँ अधिकारीमाथि प्रतिबन्धहरु घोषणा गरेको विरोधमा चीनले उक्त घोषणा गरेको जनाएको छ ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानले मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङका क्रममा हङकङसँग सम्बन्धित मामिलामा केही मानिसले नराम्रो व्यवहार गरेकाले प्रतिबन्धहरु लगाउनु परेको जानकारी दिए । चिनियाँ प्रतिबन्धको सूचीमा ह्युमन राइट्स वाचका निर्देशक केनेथ रथ र नेसनल इन्डाउमेन्ट फर डेमोक्रेसीका अध्यक्ष कार्ल गर्सम्यान पनि रहेका छन् ।

अमेरिकाले शुक्रबार हङकङकी प्रमुख कार्यकारी क्यारी लाम र १० जना चिनियाँ वरिष्ट अधिकारीको संयुक्तराज्य अमेरिकामा रहेका सम्पत्ति रोक्का राख्ने घोषणा गरेको थियो । चीनले हङकङमा नयाँ सुरक्षा कानुन लागू गरेपछि त्यसको विरोधमा अमेरिकाले कडा प्रतिबन्धहरु घोषणा गरेको बताइएको छ ।


अमेरिकाले हङकङकी प्रमुख कार्यकारी क्यारी लाम र प्रतिबन्धहरु घोषणा गरिएका अरु चिनियाँ वरिष्ट अधिकारीहरुले चीनका नीतिहरु हङकङमा कार्यान्वयनमा ल्याउन प्रमुख भूमिका निर्वाह गरेको आरोप लगाएको छ । प्रवक्ता झाओले अमेरिकी कदमले चीनको आन्तरिक मामिलामा गम्भीर हस्तक्षेप गर्नुका साथै अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन गरेको बताएका छन् ।

पछिल्लो समय अमेरिका र चीनबिचको तनाव पछिल्लो समय लगातार बढ्दै गएको छ । लाममाथि प्रतिबन्ध लगाउनु केही अघि मात्रै राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले वीच्याट र टिकटक एप्लिकेशनका चिनियाँ मालिकसँग अमेरिकी कारोबारमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

राज्यकोष मन्त्रालयले लगाएको प्रतिबन्धमा लामसँगै हङकङका प्रहरी कमिशनर तथा राजनीतिक अधिकारीहरु रहेका छन् । अमेरिकाको राज्यकोष मन्त्रालयले लाममाथि स्वतन्त्रता खुम्च्याउने र प्रजातान्त्रिक अभ्यास साँघुरो बनाउने चीनको नीति लागु गरेको आरोप लगाएको छ । लाम लगातार आलोचनाको केन्द्रमा रहँदै आएकी छन्, गएको वर्ष सुपुर्दगी सम्बन्धी विधेयकलाई लिएर लामो समय विरोध प्रदर्शन भएपछि उनी सो विधयेक फिर्ता लिन बाध्य भएकी थिइन् ।

यस्तै अमेरिकी राष्ट्रपति ट्रम्पले चिनियाँ एप्स् टिकटक र विच्याटमाथि प्रतिबन्ध लगाउने कार्यकारी आदेशमा बिहीबार मात्र हस्ताक्षर गरेका थिए । अमेरिकी सरकारले लगाएको यो प्रतिबन्ध आगामी ४५ दिनमा लागू हुने भएको छ । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले यो कुराको जानकारी गराएका हुन् । अमेरिकाका राष्ट्रपति ट्रम्पले अमेरिकाको राष्ट्रिय सुरक्षाका लागि भन्दै यो प्रतिबन्ध अघि सारेको बताइएको थियो । यो कार्यकारी आदेशबमोजिम आगामी ४५ दिनमा टिकटकको कम्पनीका पनि सबै कारोबारमा नै प्रतिबन्ध लाग्ने बताइएको छ ।

# भारतका पूर्वराष्ट्रपति मुखर्जीलाई कोरोना संक्रमण



**काठमाडौं/एजेन्सी–** भारतका पूर्वराष्ट्रपति प्रणव मुखर्जीमा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको छ । सोमबार ट्वीट गर्दै उनले अस्पतालमा अन्य चेकजाँचका लागि जाँदा कोरोना परीक्षणमा कोरोनाभाइरसको संक्रमण पुष्टि भएको जानकारी दिएका हुन् । ८४ वर्षीय मुखर्जीले आफूसँग गत हप्ता सम्पर्कमा आएका सबैलाई परीक्षण गराउन र आइसोलेट गर्न आग्रह गरेका छन् ।

पूर्व राष्ट्रपतिले ट्विटरमा लेखेका छन्, 'म अन्य कुनै जाँचका लागि अस्पताल आएको थिएँ । मेरो कोरोना टेस्ट पोजेटिभ आयो । गएको एक हप्ता यता मेरो सम्पर्कमा अएका सबैलाई आइसोलेटसँगै आफ्नो टेस्ट गर्न आग्रह गर्छु ।' मुखर्जी सन् २०१२ देखि २०१७ सम्म भारतको राष्ट्रपति थिए ।

यसैबीच भारतमा विगत २४ घण्टाको अवधिमा कोरोनाभाइरस संक्रमित व्यक्तिको संख्या ६२ हजार ६४ जना रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा कोरोनाभाइरस संक्रमित व्यक्तिमध्ये एक हजार ७ जनाको मृत्यु भएको छ । भारतमा यो सहित मृत्यु भएका व्यक्तिको कूल संख्या ४४ हजार ५ सय नाघेको छ । साथै कूल संक्रमितको संख्या पनि २२ लाख १७ हजार नाघेको छ ।

स्वास्थ्य अधिकारीहरुले कूल संक्रमितमध्ये १५ लाख ३६ हजार भन्दा बढी निको भएर डिस्चार्ज भएका छन् । अहिले पनि ६ लाख ३६ हजार बढी व्यक्ति विभिन्न स्वास्थ्य केन्द्रमा उपचार गराइरहेका छन् ।

## हङकङका प्रजातन्त्र पक्षधर टाइकून जिमी पक्राउ

**काठमाडौं/एजेन्सी–** हङकङका प्रजातन्त्र पक्षधर टाइकून जिमी पक्राउ परेको उनका सहयोगीले बताएका छन् । उनलाई विदेशी शक्तिसँग सहकार्य गरेको आरोपमा पक्राउ गरिएको उनका सहयोगी मार्क सिमोनलाई उद्धृत गर्दै बिबिसीले जनाएको छ । चीनले गएको जुनमा हङकङमा लागू गरेको विवादास्पद नयाँ सुरक्षा कानूनको विरोध गरेका उनलाई सोही कानून अनुसार नै पक्राउ गरिएको हो ।

व्यवसायी लाईले गएको वर्ष सुपुर्दगी विधेयकको विरोधमा भएको प्रजातन्त्र पक्षधरहरुको आन्दोलनमा समर्थन गरेका थिए । गएको फेब्रुअरीमा उनीमाथि अवैध सम्मेलन र धम्की दिएको आरोप लगाइएको थियो । पछि उनी धरौटीमा रिहा भएका थिए । लाईको मिडिया फर्म नेक्स्ट डिजिटलका कार्यकारी सिमोनले भनेका छन्, 'जिमी लाईलाई विदेशी शक्तिसँग सहकार्य गरेको अभियोगमा सुरक्षाकर्मीले पक्राउ गरेका छन् ।'

# नाइजरमा छ जना फ्रान्सेली नागरिकको हत्या



**काठमाडौं/एजेन्सी–** नाइजरमा छ जना फ्रान्सेली नागरिकको हत्या भएको समाचारमा जनाइएको छ । ती मारिएका नागरिक फ्रान्सका सहायताकर्मी भएको बताइएको छ । प्राप्त समाचारमा जनाइएअनुसार नाइजरको नियामीबाट करिब ६५ किलोमिटर टाढा रहेको कोरे भन्ने ठाउँमा ती फ्रान्सेली नागरिकको हत्या भएको हो । उनीहरु सहायता कार्यका लागि त्यहाँ पुगेका थिए । उनीहरुलाई बन्दुकधारीहरुले हत्या गरेका बताइएको छ । यस विषयको विस्तृत समाचार भने आएको छैन । ती सहायताकर्मीहरुले अन्तर्राष्ट्रिय सहायता समूह एटिसीइडीमा काम गर्ने गरेका थिए । सोही समूहका ती सहायताकर्मीलाई नै लक्ष्य गरेर बन्दुकधारीहरुले हमला गरेका प्रारम्भिक सूचनामाा जनाइएको छ ।

आफ्ना ती नागरिक नाइजरमा मारिएको फ्रान्स सरकारले पनि पुष्टि गरेको छ । उनीहरु आइतबार मारिएका फ्रान्सेली राष्ट्रपतिको कार्यालयले जनाएको हो । यसअघि सो समाचार अल जाजिरा टिभीले दिएको थियो । उनीहरु किन मारिएका हुन् र कसले हत्या गरेको हो भन्ने बारेमा भने केही खुलेको छैन ।

फ्रान्सेली राष्ट्रपति एम्यानुयल म्याक्रोले नाइजरका राष्ट्रपति मोहमदु इसोफूसँग फोनमा कुराकानी गरेको अल जाजिरा टिभीले जनाएको छ । नाइजरका राष्ट्रपति मोहमदु इसोफूले उक्त घटनाको निन्दा गरेका छन् । यसरी नागरिकको हत्या गर्ने काम जघन्य अपराध भएको भन्दै फ्रान्सेली सरकार र नागरिप्रति उनले सहानुभूति दिएको पनि सो समारमा जनाइएको छ । यस घटनाको अनुसन्धान शुरु भएको छ । हत्या कसले र किन गरेको हो भन्ने बारेमा केही बताइएको छैन ।


## स्पेस ओभरसिज सर्भिस प्रा.लि.को सार्वजनिक सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: १११/०५४/०५५ को यस स्पेस ओभरसिज सर्भिस प्रा.लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | साउदी अरब | ६४ | ० | ६४ |
| २. | जापान | ४ | ० | ४ |
| | कुल जम्मा | ६८ | 0 | कुल जम्मा ६८ जना |

**Space Overseas Services Pvt. Ltd.**
Sukedhara, Kathmandu, Tel: 4376717, 4379275, Fax: 4377352
E-mail : info@spaceoverseas.com, Web : www.spaceoverseas.com
श्रम इ. पत्र नं.: १११/०५४/०५५



## बीमालेख हराएको सूचना

मिति २०७७/०४/२६ गते चाबहिलबाट रत्नपार्कसम्म जाँदा एलआईसी नेपाल कम्पनीबाट मेरो नाममा जारी भएको निम्न बमोजिमको बीमालेख हराएको हुँदा फेलापार्नु हुने महानुभाबले नजिकको प्रहरी कार्यालय, वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम : दिपक कुमार घिमिरे**
**ठेगाना : चाबहिल, काठमाडौं**
**बीमालेख नं.: १७००१४५४५**
**सम्पर्क : ९८४१५६००८२**



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त श्री **काठमाण्डौ ब्राइट ह्युमन रिसोर्स प्रा.लि. (इ.प.नं. १३९८)** का तपसिल बमोजिमका सञ्चालक शेयरधनीले आ-आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्ताहरुलाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयरको हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| साविकको शेयरधनी/शेयर कित्ता | अब कायम हुने शेयरधनी/शेयर कित्ता |
|---|---|
| १. श्री केदार विष्ट कि.नं. १-३७००० सम्म | १. श्री पासाङ्ग शेर्पा कि.नं. ०१-२२२०० सम्म |
| २. श्री काजीराम सुनार कि.नं. ३७००१-७३००० सम्म | २. मन कुमार लिम्बु कि.नं. २२२०१-३७००० सम्म |
| ३. सुरज के.सी. कि.नं. ७३००१-११०००० सम्म | ३. श्री सम्झना सुनार कि.नं. ३७००१-४९००० सम्म |
| | ४. श्री चन्द्र कुमारी तामाङ्ग कि.नं. ४९००१-६१०००सम्म |
| | ५. श्री बुद्धराज तामाङ्ग कि.नं. ६१००१-७३००० सम्म |
| | ६. श्री सरोज कुमार भट्टराइ कि.नं. ७३००१-११०००० सम्म |



## मनमैजुमा आकर्षण जग्गा विक्रिमा

तारकेश्वर नगरपालिका, वसन्तपुर आवास क्षेत्रभित्र २३ आना जग्गा विक्रिमा प्रति आना न्यूनतम २५ लाख

सम्पर्क : ९८१७५००३७८, ९८१८९३०३९६



## बीमालेख हराएको सूचना

**नेपाल लाइफ इन्स्योरेन्स क.लि.** ले जारी गरेको श्री बविता कुमारी सिंह महतो बीमालेख नं. २०३००२४४९ को बीमालेख मिति २०७७।०४।१५ गते कालो पुलबाट रातो पुलसम्म जाँदा हराएकोले फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नेपाल लाइफ इन्स्योरेन्स कं. लि.**
**शाखा कार्यालय, काठमाडौं**
**फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०**



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

## सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **मेरिना म्यानेजमेन्ट नेपाल प्रा.लि.** (ई.प्र.नं. १४७९/०७४/०७५) ले यस विभाग समक्ष इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरी पाउए भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७७/०४/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२७

यस कम्पनीको मिति २०७४/१०/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्टरनेशनल माइनर्स एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि.नं. १८३००१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वर्ल्डवाइड माईन्स डिलर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



Province Government
Province No. 05

**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

Gulmi

## Invitation for Online Bids

Date of publication: 11th, August 2020

Road Infrastructure Development Office (RIDO), Gulmi invites electronic bids from eligible bidders under PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** for following works under National Competitive Bidding-single stage two envelop system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system ***www.bolpatra.gov.np/egp***

Information to deposit the cost of bidding document in Bank:

***Name of the Bank: RastriyaBanijya Bank Ltd., Gulmi***
***Name of the Office: Road Infrastructure Development Office, Gulmi***
***Office Code No: 3370152015 (Dharauti and Rajaswa)***
***RajaswaShrishak No:- 14229; Rajaswa Account No.: 100020001000***

| S. No. | Name of Project | Contract Identification | Last Date of Bid Purchase and Submission | Bid Document Fee(NRs.) | Bid Validity Period | Bid security (NRs.) | Estimated Amount (Without VAT and Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1. | Supplying and Delivery of Surveying Equipments | RIDO-GUL-G-SQ-01-2077/078 | 27th August, 2020 | 1000 | 45 Days | 30,000.00 | 9,82,000.00 |
| 2. | Construction Of BharseKhola Bridge along ChorkateSantipurRupakot Road. | RIDO-GUL-RB-W-NCB-02-2077/078 | 11th September, 2020 | 5000 | 90 Days | 9,00,000.00 | - |
| 3. | Construction ofGairaArjeBeshi Bridge at Malika -06 Gulmi. | RIDO-GUL-CG-W-NCB-03-2077/078 | 11th September, 2020 | 5000 | 90 Days | 7,40,000.00 | - |
| 4. | Construction ofPanahaKhola Bridge at NihureBudhifuttaGulmi. | RIDO-GUL-CG-W-NCB-04-2077/078 | 11th September, 2020 | 5000 | 90 Days | 11,00,000.00 | - |

# बक्स अफिस समाचार

## कोरोनाले थलिएको चलचित्र क्षेत्र
# ठप्प हुँदा पनि विवादै विवादमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण बन्द भएको चलचित्र क्षेत्र कहिले खुल्ने हो निश्चित छैन । पछिल्लो समय समुदायमै कोरोना संक्रमण फैलँदै गएपछि अवस्था झनै जटिल बन्दै गएको छ । यस्तो परिस्थितिमा चलचित्र क्षेत्र तत्काले खोल्ने मनसायमा सरकार छैन । कोरोनाका कारण चलचित्र क्षेत्र बन्द भएपछि चलचित्रकर्मीहरु निकै नै समस्यामा परेका छन् । चलचित्र क्षेत्र बन्द रहेको अवस्थामासमेत चलचित्रकर्मीहरुको अभिव्यक्तिका कारण विवादित बनिरहेको छ ।

यसबीचमा चलचित्र क्षेत्रमा अभिनेत्री दीपाश्री निरौला, अभिनेता दीपकराज गिरी, अभिनेता भुवन केसी, अभिनेत्री साम्राज्ञी राज्य लक्ष्मी शाह, अभिनेत्री पूजा शर्मामा केन्द्रित बहस चले । यी सबै कलाकार आफ्नै अभिव्यक्तिका कारण विवादित पनि बने र चर्चाका पात्र पनि बने ।

अभिनेत्री दीपाश्री निरौला महानायकका विषयमा अभिव्यक्ति दिँदा विवादित बन्न पुगेकी थिइन् । लगत्तै दीपकराज गिरी दीपको पक्षमा उभिँदा उनी पनि विवादमा तानिन पुगे । त्यस्तै, अभिनेत्री साम्राज्ञीले भुवन केसीले आफुमाथि दुर्व्यवहार गरेको भन्दै सामाजिक सञ्जालमा विलौना गरेपछि भुवन केसी विवादमा तानिए । यस्तै हालै चल्दै गरेको विवाद भने अभिनेत्री पूजा शर्मा र चलचित्र पत्रकार प्रकाश सुवेदीको हो । पत्रकार सुवेदीले दारा निस्किएको महानायिका भनेर टेलिभिजन कार्यक्रममा टिप्पणी गरेपछि विवाद झनै बढ्यो । पूजाले सुवेदीविरुद्ध चलचित्र कलाकार संघमा उजुरी दिइसकेकी छिन् । त्यस लगत्तै पत्रकार सुवेदीले माफि पनि मागिसकेका छन् ।







हुन त चलचित्र क्षेत्र कहिल्यै विवादरहित हुन सकेको छैन । एक पछि अर्को गर्दै विवादित पक्षहरु सतहमा आइरहेका छन् । पात्र मात्रै फरक हुन्छन् तर विवाद चाहिँ सधैं भइरहेकै हुन्छ । जसको प्रत्यक्ष असर चलचित्र क्षेत्रको विकासमा पर्छ । तर सबै कलाकारले आफ्नै गोरुको बाह्रै टक्का गर्दा विवाद सधैं चुलिने गरेको छ ।

महानायकका विषयमा टिप्पणी गर्दा अभिनेत्री दीप दर्शकबाटै आलोचित हुन पुगिन् । त्यसमाथि दीपकले उनका पक्षमा भनाइ राखेपछि दर्शन झनै भड्किए । यो त भयो सामान्य विषय विस्तारै सेलाउँदै जाला । साथै पूजा र पत्रकार सुवेदीको विवाद पनि दुईबीच सहमति, माफी आदिले सल्टेला । तर यी मध्येका सबैभन्दा गम्भीर विवाद भनेको साम्राज्ञी-भुवनबीचको कलह ।

चलचित्र क्षेत्रमा सधैं बहसको विषय बन्ने दुर्व्यवहारका घटना हुन् । यहाँमात्र नभएर विदेशमा पनि यो विषय सधैं उठिरहन्छ तर समाधान भने कहिल्यै हुँदैन । चलचित्र क्षेत्र बाहिरबाट जति रंगीन देखिन्छ, भित्र त्यति झलमल नहुन सक्छ । राम्रो कुरासँगै नराम्रो कुराहरु पनि जोडिएका हुन्छन् । इन्डस्ट्री भित्रका अनेकौ पक्षमध्ये यहाँभित्र हुने दुर्व्यवहार अति डरलाग्दो रहेका कतिपय कलाकारहरु बताउँछन् । नेपाली चलचित्र क्षेत्र सानो भएकोले पनि दुर्व्यवहारमा परेका व्यक्तिले 'काम गर्ने यही नै हो' भनेर हच्किने वा मुख बन्द गर्ने गरेको कलाकारहरुको बुझाइ छ ।

तर के सधैं नेपाली चलचित्र क्षेत्र यसै प्रकारका विवादमा रुमलिएर बस्नुपर्ने हो ? भन्ने प्रश्न उठिसकेको छ । सबै कलाकार एकजुट भएर चलचित्र क्षेत्रलाई उकास्न प्रयत्न गर्नुपर्नेमा यहाँ त उल्टै एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति मौलाउँदै गएको पाइन्छ । तर अब सबै कलाकारले सोच्ने बेला आएको छ- चलचित्र क्षेत्र रहे कलाकार रहने हो नभए कलाकारको के औचित्य हुन्छ ? त्यसैले सबै मिलेर हातमा हात मिलाएर अघि बढ्नुको विकल्प छैन ।

# सन्तोषको 'हुतुतु'मा हरिवंशदेखि प्रदीपसम्म




**काठमाडौं/मस-** 'प्रेम गीत' सहित तीन सिक्वेल निर्माण गरेका निर्माता सन्तोष सेनले नयाँ निर्माणको घोषणा गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत 'हुतुतु' नामक फिल्म निर्माण घोषणा गरेका हुन् । फिल्म घोषणासहित उनले फिल्मका लागि छानिएका कलाकारको नाम समेत सार्वजनिक गरेका छन् ।

आसुसेन फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्ने यो फिल्मका लागि हरिवंश आचार्य, राजाराम पौडेल, माओत्से गुरुङ, प्रदीप खड्का, पल शाह, नाजिर हुसेन, गौरव पहारी, सलोन बस्नेतलगायतका कलाकार छनोटमा परेका छन् । उनीहरु सबैसँग निर्माण टिमको कागजी सम्झौता भइसकेको छ । ठूलो लागतमा निर्माण हुने फिल्मको कथा सन्तोष सेनको हो भने त्यसलाई पटकथामा ढाल्ने काम छेतन गुरुङ र अभिमन्यू निरवीले गरिरहेका छन् । केही कलाकार अझै छनौट हुन बाँकी रहेको निर्माण युनिटले जनाएको छ ।

कमेडी जनरामा बन्ने यो फिल्म छेतेन गुरुङ र सन्तोष सेनको संयुक्त निर्देशन रहनेछ । फिल्मको लेखनका लागि अहिले निर्देशकद्वय गुरुङ र सेन यतिबेला पोखरामा छन् । फिल्मको लेखन केही दिनमै सकेर काठमाडौं आफु फर्किने निर्माता निर्देशक सेनले बताए । 'फिल्मको केही कलाकार समेत छिट्टै छनोट गरेर छायाँकनका लागि जुट्ने छौं' निर्देशक सेनले भने ।

फिल्मको बारेमा जानकारी दिँदै सन्तोषले भने, 'अहिले फिल्मको स्क्रिप्टमा काम भइरहेको छ । फिल्मका लागि पुरुष कलाकार छनौट भइसके पनि महिला कलाकार चाँडै छनोट गर्नेछौं । फिल्म पूर्ण कमेडी कथामा बन्नेछ । फिल्ममा जति पनि पुरुष कलाकार फाइनल हुनुभएको छ, उहाँहरु सबैको प्रमुख भूमिका छ । कोरोनाको महामारीपछि फिल्म फ्लोरमा जानेछ ।'

सेनको निर्माण निर्देशन रहेको 'प्रेम गीत ३' कोरोनाका महामारीका कारण रिलिज स्थगित भएर बसेको छ । फिल्म आगामी चैत्र रिलिज गर्ने निमार्ण युनिटको योजना रहेको छ ।

# सालको पातको 'भ्यूज' हालसम्मकै सर्वाधिक




**काठमाडौं/रासस-** लोकदोहोरी गीत 'सालको पातको टपरी' युट्युबमा सार्वजनिक भएको आउँदो साता २३ महिना पुग्दैछ । यस बीचमा गीतको म्युजिक भिडियोले युट्युबमा छ करोड २१ लाख बढी 'भ्यूज' बटुलेको छ । सालको पातले पाएको भ्यूज लोकदोहोरी गीतमा हालसम्मकै सर्वाधिक रहेको बताइएको छ । सार्वजनिक भएको छोटो अवधिमा धेरै हेरिएको लोकदोहोरीमा उक्त गीत दर्ज भएको थियो । चार महिना नबित्दै युट्युबमा दुई करोड भ्यूज नाघेको थियो ।

गीतमा कुलेन्द्र विश्वकर्मा र विष्णु माझीको मीठो स्वर भर्नुभएको छ । युवा पुस्ताका गीतकार नवराज पन्तको शब्दमा वसन्त थापाले सङ्गीत दिएका छन् । स्रोता-दर्शकले अत्यधिक रुचाएपछि गीतले एकाएक चर्चा र प्रसिद्धि कमाएको थियो । अहिले पनि गीतको भ्यूज निरन्तर बढेको छ । पछिल्लो एक महिनामा झण्डै दश लाख पटक हेरिएको छ । 'स्रोताको मन जित्नु ठूलो कुरा रहेछ, व्यावसायिक हिसाबले पनि गीत सफल रह्यो,' सङ्गीतकार थापाले भने ।

झ्याउरे लयमा ठेट जनजीब्राका शब्द र मनछुने स्वरले गीतमा प्राण भरेको छ । कुशल अभिनय र नृत्यले दर्शक लोभ्याउँछ । म्युजिक भिडियोमा नायिका मरिष्का पोखरेलसँगै गायक विश्वकर्मा र सङ्गीतकार थापाको अभिनय छ । निर्देशन शिव विकले गरेका छन्। हाल अमेरिकामा रहनुभएका गीतकार पन्तका अनुसार गीतमा प्रेममा सिर्जित अविश्वास र त्यसको भोगाइको कारुणिक यथार्थबादी कथा छ । 'मानवीय प्रेम र सम्बन्धमा आउने उतारचढाव गीतको रचनागर्भ हो,' उनले भने ।

गायक विश्वकर्माले गीतले यतिसम्म चर्चा पाउँला भनेर पहिले नसोचिएको प्रतिक्रिया दिए । उनको साङ्गीतिक जीवनको मानक गीतका रुपमा सालको पातलाई सधैं सम्झिने छ । अभ्यास डिजिटल म्युजिक प्रालिद्वारा निर्मित गीत 'वसन्त थापा' नामको युट्युब च्यानलबाट सार्वजनिक भएको थियो ।

## 'गलबन्दी'को चार करोड बढी

मौलिक लोकदोहोरी गीत 'गलबन्दी'को म्युजिक भिडियोले पनि युट्युबमा राम्रो भ्यूज पाएको छ । गत वर्ष सार्वजनिक गीतले हालसम्म चार करोड १४ लाख बढी भ्यूज बटुलेको छ । सार्वजनिक भएको केही सातासम्म उक्त गीत युट्युबमा सर्वाधिक हेरिएको मध्ये नं एकमा आएको थियो । गलबन्दीमा प्रकाश सपुत र शान्ति श्री परियारको स्वर छ । शब्द, सङ्गीत र भिडिओ निर्देशन पनि सपुतकै छ । म्युजिक भिडियोमा सपुत र अञ्जली अधिकारीको अभिनय छ ।

भिडियो छायाङ्कन सपुतकै जन्मघर बागलुङ धम्जामा गरिएको छ । गीतले परम्परागत रोधीको झल्को दिन्छ । मौलिक शब्द, सङ्गीत र प्रस्तुतीकरणका कारण गीतलाई स्रोता/दर्शकले रुचाएका हुन् । कथात्मक शैली, अनौपचारिक प्रस्तुति, ठेट सम्वाद र जीवन्त अभिनयले दर्शक गीतमा लोभिन्छन् । उक्त गीत भाका नेपाल प्रालिले निर्माण गरेको हो । सपुतको गत साता सार्वजनिक तीज गीत 'बदला बरीलै' पनि अहिले युट्युब ट्रेन्डिङको नं एकमा छ । गीतको भ्यूज २४ लाख नाघेको छ ।

# प्रकाश सुवेदीले मागे माफी

**काठमाडौं/मस-** एपी वान टेलिभिजनबाट प्रशारण हुने 'रजतपट' कार्यक्रममा छुद्र शब्द उच्चारण गरेपछि विवादमा तानिएका पत्रकार प्रकाश सुवेदीले आइतवार साँझ यूट्युबमा एक भिडियो सार्वजनिक गर्दै माफी मागेका छन् । पछिल्लो श्रृंखलामा उनले कसैको नाम नलिइ 'दारा' शब्द प्रयोग गरेका थिए । राष्ट्रिय टेलिभिजनमा यसप्रकारको शब्द प्रयोग गरेको भन्दै उनको आलोचना भइरहेको छ ।

अभिनेत्री पूजा शर्माले उक्त शब्द आफूप्रति लक्षित रहेको भन्दै आपत्ति जनाएपछि फिल्मकर्मीहरुले पनि पत्रकार सुवेदीको विरोध गरिरहेका छन् । आइतबार पूजाले विभिन्न फिल्म सम्बद्ध संघ संस्थामा उजुरी दिएपछि सोही साँझ पत्रकार सुवेदीले माफी माग्दै आफूले बोल्नै नहुने शब्द बोलेको स्वीकार गरेका छन् । भोलीका दिनमा शब्द चयनमा ध्यान पुऱ्याउने पनि उनले बताएका छन् ।

उनले भनेका छन्, 'कार्यक्रममा व्यक्त गरिएका मेरा भावनाहरु व्यक्ति विशेषप्रति लक्षित थिएन । प्रतिकात्मक रुपमा व्यक्त गरिएका विचारहरु थिए । मेरो भन्ने शैली अलि फरक भयो होला । मैले भन्ने खोजेको कुराको अर्थको अनर्थ लाग्न गयो होला । मेरो मुखबाट फुत्किएको दारा भन्ने शब्द वास्तवमा फुत्किनु हुँदैन थियो । गल्ती भयो । भविष्यमा शब्द चयन गर्दा ध्यान पुऱ्याउनेछु ।'

क्यामेरा पछाडि आफूले केही फिल्मकर्मीलाई यीनै शब्द प्रयोग गरेर जिस्कने गरेको भएता पनि क्यामेरा अगाडि यी शब्द बोल्न नहुने र आफूबाट गल्ती भएको उनले स्वीकारेका छन् । 'म चुकेकै हो । मैले माफी माग्नै पर्छ । तर, मेरो भनाई कसैप्रति लक्षित थिएन । यस्ता शब्दहरु नेपाली फिल्ममा बढि बोलिने भएका कारण मलाई बानी परेको होला । माफी चाहन्छु,' उनले भनेका छन् ।


## टिकटकमा भाइरल अकेशाको 'रातो रातो सारी' सार्वजनिक

काठमाडौं/मस- टिकटकमा भाइरल चाइल्ड आर्टिस्ट अकेशा पोखरेलको अभिनय रहेको तीज गीत 'रातो रातो सारी' सार्वजनिक भएको छ । गीतमा राजन कार्की र मिना तिवारीको स्वर रहेको छ । राजन/मिनाकै शब्द, राजनको सङ्गीत, सङ्गीत-संयोजन र गोविन्द सोनीको मिक्सिङ तथा माष्टरिङ रहेको गीतको भिडियो सार्वजनिक भएको हो ।

पछिल्लो समय आएका तीज गीत भन्दा फरक गीतमा पछिल्लो समय टिकटकमा अत्याधिक रुचाइएकी अकेशा निकै आकर्षक देखिएकी छन् । उनी हेर्दा विदेशी जस्ती देखिन्छिन् जसकारण आकर्षणको विन्दु बनेकी छिन् । अकेशा क्युट देखिएकी छन् भने अभिनय पनि त्यतिकै राम्रो रहेको छ । गीत जति राम्रो छ गीतको भिडियो पनि त्यतिकै उत्कृष्ट बनेको छ ।

सन्तोष पोखरेलको निर्देशन र डीएन राईको कोरियोग्राफ रहेको गीतको भिडियोमा अकेशा पोखरेल, रोविन पोखरेल र स्मृती वस्नेतको अभिनय तथा नृत्य रहेको छ । मुकेश हुमागाईंको छायाँकन रहेको गीतको भिडियोलाई प्रकाश एसकेले सम्पादन गरेका छन् । गीतको भिडियो अकेशा पोखरेलको युट्युव मार्फत सार्वजनिक गरिएको छ ।

# आमिरको 'लाल सिंह चड्डा' अर्को वर्षको क्रिसमसमा




कोरोना भाइरस (कोभिड-१९) का कारण बलिउड फिल्म क्षेत्रमा ठूलो असर परेको छ । कोरोनाका कारण धेरै बलिउड फिल्मको रिलिज पोस्टपोन्ड भएको छ । कति फिल्म ओटीटी प्लेटफर्ममा रिलिज भइरहेका छन् । यो समयमा सबै आफू र आफ्नो परिवारको स्वास्थ्यलाई लिएर चिन्तित छन् । यसबीच, बलिउड सुपरस्टार आमिर खानको फिल्म 'लाल सिंह चड्ढा' अर्को वर्षको क्रिसमसमा रिलिज हुने भएको छ । यो फिल्मलाई यस वर्षको क्रिसमसमा रिलिज गर्ने तयारी थियो ।

क्रिसमसको छेकोमा रिलिज भएका उनका प्रायः फिल्म सफल छन्, जसमा 'थ्री इडियट्स', 'पीके', 'धूम ३', 'दंगल' लगायत सामेल छन् । आउँदो वर्षको क्रिसमसमा रिलिज हुने 'लाल सिंह चड्ढा' टम ह्याक्सको 'फरेस्ट गम्प' मा आधारित छ र लकडाउन अगाडि चण्डिगढ र कोलकातामा फिल्मको केही प्रतिशत छायांकन भएको थियो ।

लकडाउन खुकुलो भएसँगै अभिनेता आमिर खान फिल्मका लागि लोकेशन हेर्न टर्की गएका छन् । आमिर खान प्रोडक्सनको 'लाल सिंह चड्ढा' मा आमिर खान र करीना कपूर खान मुख्य भूमिकामा छन् । मोना सिंहको पनि प्रमुख भूमिका छ । फिल्मका निर्देशन अद्वैत चन्दन र स्क्रिनप्ले अतुल कुलकर्णीले गरेका छन् । त्यस्तै, फिल्ममा प्रीतमको म्यूजिक र अमिताभ भट्टाचार्यको शब्द छ ।

खबरका अनुसार टर्कीपछि जर्जियामा पनि चलचित्र छायांकन हुनेछ । लकडाउन अघि दिल्ली, राजस्थान, चण्डीगढ, अमृतसर र कोलकत्तामा चलचित्रको छायांकन भइसकेको छ । 'लाल सिंह चड्ढा' हलिउड क्लासिक 'फोरेस्ट गम्प' को आधिकारिक हिन्दी रिमेक हो ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२७

यस कम्पनीको मिति २०७६/०३/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि. (प्रा.लि.नं. २१०२११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

# राष्ट्रिय फुटबल खेलाडीको कोरोना परीक्षण



तस्बिर : एन्फा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

आसन्न फिफा विश्वकप छनोट र एशियन कप छनोटका लागि बन्द प्रशिक्षणमा डाकिएका राष्ट्रिय फुटबल टोलीका ११ खेलाडीसहित २५ जनाको कोरोना परीक्षण गरिएको छ ।

लगनखेलस्थित पाटन अस्पतालमा सोमबार पहिलो चरणमा ११ खेलाडीसहित एक प्रशिक्षक, एक फिजियो र एन्फा होस्टलका १२ कर्मचारीसहित २५ जनाको कोरोना परीक्षण गरिएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले जनाएको छ ।

कोरोना परीक्षण गर्ने खेलाडीमा विशाल राई, रन्जीत धिमाल, मिक्चेन तामाङ, रवि पासवान, दर्शन गुरुङ, विमल राना, दीप कार्की, दिलेन लोप्ताङ, छिरिङ गुरुङ, देवेन्द्र तामाङ र पुजन उपरकोटी रहेका छन् ।

त्यसैगरी फिजियोमा आविष्कार पुडासैनी र प्रशिक्षक किरण श्रेष्ठको पनि परीक्षण गरिएको छ । बाँकी खेलाडी र अफसियलको कोरोना परीक्षण भने मंगलबार गर्ने एन्फाले जनाएको छ। मंगलबार परीक्षण हुने खेलाडीमा विक्रम लामा, सुभास गुरुङ, सुजल श्रेष्ठ, सुनिल वल, रोहित चन्द, अभिषेक रिजाल, किरण चेमजोङ, विकेश कुथु, विशाल श्रेष्ठ, सरोज दाहाल, अनन्त तामाङ र अजित भण्डारी छन् ।

त्यसैगरी तेज तामाङ, अमित तामाङ, एरिक बिष्ट, अन्जन बिष्ट, आशिष लामा, विकास खवास, नवयुग श्रेष्ठ, सुमन अर्याल, शेशेहाङ आङ्दम्बे, जर्ज प्रिन्स कार्की र भरत खवासको कोरोना परीक्षण भोलि हुने एन्फाले जनाएको छ ।

सरकारले लकडाउनलाई खुकुलो बनाएसँगै विश्वकप छनोटका लागि एन्फाले राष्ट्रिय फुटबल टिमको प्रशिक्षण भदौ १ गतेबाट सुरु गर्ने तयारी गरेको छ। फिफा विश्वकप २०२२ छनोट अन्तर्गत नेपालले तीन होम खेल दशरथ रंगशालामा खेल्दै छ। तीन खेल मध्ये नेपालले असोज २२ गते चाईनिज ताईपेसँग र त्यसको ५ दिनपछि अष्ट्रेलियासँग प्रतिस्पर्धा गर्दैछ। समूह 'बी' मा रहेको नेपालले छनोट अन्तिम खेलमा नेपालले कार्तिक २७ गते जोर्डनसँग खेल्ने तालिका रहेको छ ।

समूह 'बी' मा रहेको नेपाल ३ अंकका साथ चौथो स्थानमा छ। नेपालको समूहमा रहेको अस्ट्रेलिया १२ अंकका साथ शीर्ष स्थानमा रहँदा । समान १० अंक जोडेका कुवेत र जोर्डन क्रमशः दोस्रो र तेस्रो स्थानमा छन् । अंकविहिन चाइनिज ताइपेई पाँचौं स्थानमा छ ।

छनोट प्रतियोगिताको पहिलो नेपाल कुवेतसँग ७-० ले पराजित भएको थियो भने दोस्रो खेलमा चाइनिज ताइपेईलाई २-० ले हराएको थियो । तेस्रो खेलमा नेपालले अस्ट्रेलियालाई ५-० र चौथो खेलमा जोर्डनलाई ३-० ले को नतिजा सुम्पिएको थियो ।

# एन्फाको साधारणसभा अनिश्चित

**काठमाडौं, रासस–** कोरोना भाइरसको महामारी बढ्दै गएपछि अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले आगामी भदौ १५ गते गर्ने भनिएको १९औं साधारणसभा अनिश्चितकालका लागि स्थगित गरेको छ । एन्फा प्रवक्ता किरण राईले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै साधारणसभा अर्को सूचना जारी नहुँदासम्मका लागि स्थगित भएको जानकारी दिए । कोरोना भाइरसका कारण एन्फाको साधारणसभा दोस्रो पटक स्थगित गरिएको हो ।

यसअघि एन्फाले गत चैतमा साधारणसभा स्थगित गरेको थियो। सरकारले कोरोना संक्रमण बढ्दै गएकाले रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्नका लागि गोष्ठी, भेला र सम्मेलन गर्न निषेध गरेकाले साधारणसभा स्थगित गर्नुपरेको प्रवक्ता राईले बताए । सङ्क्रमणको दर बढ्न थालेको र जोखिमलाई ध्यानमा राख्दै साधारणसभा स्थगित गरिएको उनको भनाइ छ ।

# रोनाल्डो युभेन्टसका सर्वोत्कृष्ट खेलाडी



**काठमाडौं, एजेन्सी–** इटालियन च्याम्पियन युभेन्टसले फरवार्ड क्रिस्टियानो रोनाल्डोलाई आफ्नो क्लबको सर्वोत्कृष्ट खेलाडी(मोस्टभ्यालुएबल प्लेयर) घोषित गरेको छ ।

क्लबको समर्थकको मतका आधारमा प्रदान गरिने अवार्डमा रोनाल्डोले अर्जेन्टिनी फरवार्ड पाउलो डिबालालाई पछि पारेका हुन् । युभेन्टसले लगातार नवौं पटक इटालियन सिरी ए को उपाधि जित्दा रोनाल्डोले टोलीका लागि सर्वाधिक गोल गर्ने खेलाडी थिए । उनले लिग अवधिभर ३१ गोल गर्दै क्लबका लागि विभिन्न कीर्तिमान समेत राखे। उनी क्लबका लागि एकै सिजनमा ३० भन्दा बढी लिग गोल गर्ने पहिलो खेलाडी समेत बनेका थिए ।

अघिल्लो साता युभेन्टसकै फरवार्ड पाउलो डिबाला लिगको सर्वोत्कृष्ट खेलाडी घोषित भएका थिए । युभेन्टसको उपाधि जितमा महत्वपूर्ण भूमिका निर्वाह गरेका डिबालाले आफ्नै क्लबका सहकर्मी क्रिस्टियानो रोनाल्डोलाई पछि पार्दै सो उपाधि हासिल गरेका थिए । गत सिजन भने युभेन्टसले उपाधि जित्दा रोनाल्डो लिगकै मस्ट भ्यालुएबल प्लेयर घोषित भएका थिए। यस सिजन डिबालाले युभेन्टसका लागि सबै प्रतियोगितामा १७ गोल गरेका । उनले गोलसँगै युभेन्टसको आक्रमणमा सिर्जनात्मक भूमिका निर्वाह गर्दै एक दर्जन बढी असिस्ट पनि दिएका छन् । यता लिग उपाधि जित्ने क्रममा ३१ गोल गरेका रोनाल्डो भने लिगले प्रदान गर्ने विधागततर्फ पनि कुनै उपाधि जित्न सकेनन् ।

रोनाल्डोलाई गोल्डेन बुट दौडमा पछाडी पारेका लाजियोका फरवार्ड चिरो इम्मोबिलेले उत्कृष्ट फरवार्डको उपाधि जिते । उनले लाजियोको आक्रमण सम्हाल्दै ३६ गोल गरेका थिए। उनले बायर्न म्युनिखका रोबर्ट लेवान्डोस्कीलाई पछि पार्दै युरोपेली गोल्डेन बुट समेत जिते ।

लिगको उत्कृष्ट गोलरक्षक युभेन्टसका वोजचिएक सेचेज्नी घोषित भए । उत्कृष्ट डिफेन्डरमा इन्टर मिलानका स्टेफान डी भ्रिज चुनिए । एटलान्टाका कप्तान पापु गोमेजले उत्कृष्ट मिडफिल्डरको अवार्ड पाए । युभेन्टसबाट लोनमा रहेर पार्माबाट खेलिरहेका मिडफिल्डर डेजान कुलुसेभ्सकीले उत्कृष्ट युवा खेलाडीको उपाधि जिते ।

# बक्सिङ संघको विवादमा परिषद्को चासो



**काठमाडौं, मस–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले नेपाल बक्सिङ संघको विवादित विषयमा चासो राखेको छ । राखेपले आन्तरिक विवादमा रुमलिएको बक्सिङका अध्यक्ष राम अवालेलाई आर्थिक अनियमिता भएको भन्दै ७ दिन भित्र जवाफ पठाउन पत्र काटेको छ।

महासचिव सविन भट्टचार्य र कोषाध्यक्ष गौतम सुजखुले असार १४ गते संघमा आर्थिक अनियमियताका सम्बन्धमा आवश्यक छानविन गर्न माग भएको राखेपका संघ संस्था समन्वय शाखा प्रमुख ज्ञानेन्द्र श्रेष्ठले काटेको पत्रमा उल्लेख छ ।

पत्रमा भनिएको छ दोषी उपर आवश्यक कार्वाही गरी पाउँ भनि विभिन्न ५ बुँदाहरु उल्लेख गरी परिषद् समक्ष निवेदन प्राप्त भएकाले सो सम्बन्धमा के कसो भएको हो ? सो सम्बन्धमा सत्य तथ्य विवरण खुलाई पत्र प्राप्त मिति ७ दिन भित्र परिषद् पठाउन भनिएको छ ।

केहि दिन अघि महासचिव भट्टचार्यले संघको बैठकमा आफुलाई संघका सदस्य दीपक महर्जनले अपमान गरेको भन्दै विज्ञप्ती जारी गरेका थिए। संघका अध्यक्ष अवालले पनि अलग्गै विज्ञप्ति जारी गर्दै भट्टचार्यले भने जस्तो केहि नभएको दावी गरेका थिए।


# कोहली सर्वाधिक चर्चित खेलाडी !

**काठमाडौं, एजेन्सी–** भारतीय क्रिकेट टिमका कप्तान विराट कोहली विश्व क्रिकेटको सर्वाधिक चर्चित खेलाडी बनेका छन् । एक अनलाईनले गरेको अनुसन्धानका अनुसार कोहलीलाई अनलाइनमा १६.२ लाख पटक खोजी गरिएको छ । यस्तै भारतीय क्रिकेट टिमको अनलाईनमा २.४ लाख पटक खोजिएको छ।

यसको अर्थ भारतीय टिम भन्दा ८ गुणा धेरै चर्चित रहेको देखाइएको छ । विराट कोहलीपछि सर्वाधिक चर्चित खेलाडीमा रोहित शर्मा रहेका छन्। उनलाई यो जनवरी महिनासम्म नौ लाख ७० हजार पटक खोजिएको छ। तेस्रो स्थानमा महेन्द्रसिंह धोनी छन्। उनको नाम नौ लाख ४० हजार पटक खोजिएको छ। धेरै चर्चितको सूचीमा मास्टर ब्लास्टर सचिन तेन्दुलकर भन्दा अगाडी हार्दिक पाण्ड्या छन्। सचिन पाँच लाख ४० हजार पटक खोजिएको छ भने हार्दिकको नाममा ६ लाख ७० हजार पटक सर्च गरिएको छ।

टिमको आधारमा धेरै पपुलर टिममा भारतपछि इंग्ल्याण्ड रहेको छ। तेस्रो स्थानमा अष्ट्रेलिया, चौथो स्थानमा वेष्ट इन्डिज छन्। त्यसपछि पाकिस्तान, दक्षिण अफ्रिका, बंगलादेश, न्यूजिल्याण्ड, श्रीलंका, आयरल्याण्ड, अफगानिस्तान र जिम्बावे क्रमशः रहेका छन् ।

धेरै इन्टरनेटमा खोजी हुने खेलाडीमा युवराज सिंह र शिखर धवन भन्दा अगाडी महिला क्रिकेटर स्मृति मंधाना रहेकी छिन् ।




# डिबाला भित्र्याउन रियल मड्रिड इच्छुक

**काठमाडौं, एजेन्सी–** इटालियन च्याम्पियन युभेन्टसका अर्जेन्टिनी फरवार्ड पाउलो डिबाला अनुबन्धन गर्न स्पेनिस च्याम्पियन रियल म्याड्रिडले आफ्ना दुई खेलाडीसहितको प्रस्ताव अगाडि सार्ने तयारी गरेको छ ।

गत समरमा इंग्लिस क्लब म्यानचेस्टर युनाइटेड र टोटेनहम हट्सपरले डिबालालाई अनुबन्ध गर्ने प्रयास गरेका थिए। टोटेनहम र युभेन्टसबीच खेलाडी ट्रान्सफरको लागि रकममा सहमति भएपनि खेलाडीको तस्बिर अधिकारको पक्षमा एजेन्ट र क्लबबीच सहमति नहुँदा ट्रान्सफर रोकिएको थियो । त्यसयता डिबालाले युभेन्टसमा उत्कृष्ट प्रदर्शन गर्दै लिग उपाधि दिलाउने क्रममा लिगकै सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

इटालियन संचारमाध्यम स्पोर्ट्समिडियासेटका अनुसार रियल म्याड्रिडले डिबालाका लागि मिडफिल्डरद्वय टोनी क्रुस र इस्को सहितको प्रस्ताव ल्याउने तयारी गरेको छ । युभेन्टससँग नयाँ सम्झौताका लागि छलफलमा रहेका डिबालाले यसअघि नै क्लब छाड्ने मनासय बनाएका थिए । रोनाल्डोको आगमनपछि प्रशिक्षकको छनोटमा दोस्रो रोजाईमा रहेका उनले अन्यत्र भविष्य खोजेका हुन् ।

रोनाल्डो आएको सिजन पर्याप्त मौका नपाएका डिबालाले यस सिजन भने राम्रो अवसर पाए। युभेन्टसले लिग उपाधि जित्दा कोप्पा इटालियाको फाइनलमा नेपोलीसँग हार बेहोर्नुपर्यो । च्याम्पियन्स लिगमा पनि डिबाला घाइते हुँदा युभेन्टस लियोनसँग अवे गोलको आधारमा राउन्ड अफ १६ बाट नै बाहिरियो। यता रियल पनि लिग उपाधि जित्नका बाबजुद च्याम्पियन्स लिगको क्वाटरफाइनलमा प्रवेश गर्न सकेन ।

जिदानको रोजाइमा पर्न संघर्षरत इस्को र सम्झौताको अन्त्यतिर रहेको क्रुसलाई रियलले युभेन्टस पठाएर केहि रकम थप्नेछ ।

# बेन स्टोक्सले बाँकी टेस्ट गुमाउने

काठमाडौं, एजेन्सी- इंग्ल्यान्डका स्टार अलराउन्डर तथा उप-कप्तान बेन स्टोक्सले पाकिस्तानविरुद्ध तीन टेष्ट सिरिज अन्तर्गत बाँकी दुई खेल गुमाउने भएका छन् । पहिलो टेष्ट खेलमा शनिवार इंग्ल्यान्ड तीन विकेटले विजयी भएको थियो ।

स्टोक्सले पारिवारीक कारण टेष्ट सिरिज गुमाउने भएको इंग्ल्यान्ड क्रिकेट बोर्डले जनाएको छ । स्टोक्स यसै साता आफ्नो जन्मथलो न्युजिल्यान्ड जाने छन् । न्युजिल्यान्डका स्टोक्सका बाबु आमा बस्ने गर्दछन् । स्टोक्स नहुँदा इंग्ल्यान्डको टोलीलाई ठूलो घाटा लाग्ने र सन्तुलनमा असर पर्ने देखिन्छ । स्टोक्सको स्थानमा इंग्ल्यान्डले युवा अलराउन्डर साम करनलाई मौका दिने सम्भावना रहेको छ ।

दोस्रो टेष्ट अगष्ट १३ देखि साउथह्याप्टनमा सुरु हुने छ । तेस्रो तथा अन्तिम टेष्ट २१ अगष्ट देखि साउथह्याप्टनमा सुरु हुने छ । यस अघि वेस्टइन्डिजविरुद्ध तीन टेष्ट सिरिज २-१ ले जिताउन स्टोक्स नायक बनेका थिए । पाकिस्तानविरुद्ध पहिलो खेलमा भने स्टोक्स चल्न सकेनन् । पहिलो इनिङमा शून्यमा आउट हुँदा दोस्रो इनिङमा ९ रन बनाउनुको साथै २ विकेट लिएका थिए ।

पाकिस्तानसँग इंग्ल्यान्डले तीन टी २० आई सिरिज पनि खेल्ने छ । त्यसको लागि इंग्ल्यान्डले सीमित ओभरको फरक टोली घोषणा गर्न सक्ने अनुमान गरिएको छ । आयरल्यान्डविरुद्ध तीन ओडिआई सिरिजमा इंग्ल्यान्डले वेस्टइन्डिजविरुद्ध टेष्ट सिरिजका खेलाडीलाई नसमेटी फरक टोली घोषणा गरेको थियो ।

# बूढीगण्डकी जलविद्युत् आयोजना : बाँकी कित्ताको मुआब्जा दिनुपर्ने माग

**काठमाडौं/मस**–बूढीगण्डकी जलविद्युत् आयोजना राष्ट्रिय सरोकार समितिले मुआब्जा दिँदा केही कित्ता छुटाएर मुआब्जा दिइएका सयौँ जग्गाधनीको पाउन बाँकी कित्ताको मुआब्जा दिनुपर्ने माग गरेको छ ।

समितिले सोमबार विज्ञप्ति जारी गरी मूल मोटरबाटोले छोएको जग्गा, घरबस्ती भएको जग्गा, सहायक मोटरबाटोले छोएको जग्गाको मुआब्जा जिल्ला मुआब्जा समितिले निर्धारण गरेकै दरअनुसार दिनुपर्ने माग गरेको हो । "मुआब्जा समितिको निर्णयअनुसार पाँच रोपनीभन्दा कम जग्गा हुनेलाई १५ र १० रोपनीभन्दा कम जग्गा हुनेलाई १० प्रतिशत मुआब्जा थप गर्नाका साथै दर्ता छुट भएका तर व्यक्तिले भोगचलन गरिरहेका जग्गाको मुआब्जा दिइयोस्", विज्ञप्तिमा भनिएको छ ।



समितिले ऐलानी जग्गामा बसोबास गरेका व्यक्तिलाई निश्चित मापदण्ड बनाएर मुआब्जा दिने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्नुपर्ने, डुबान क्षेत्रका जग्गामा रहेका घर, गोठ, संरचना, बोटबिरुवाको मुआब्जाको दर तय गरी तत्काल वितरण गर्नुपर्ने, घर, संरचनामा लाग्ने ह्रासकट्टी मिनाहा गर्नुपर्ने, बूढीगण्डकी आयोजना वातावरण, मुआब्जा, पुनर्वास तथा पुनर्स्थापना एकाइले कर्मचारी नियुक्त गर्दा सार्वजनिक सूचना जारी गर्नुपर्ने र उपलब्ध भएसम्मका जनशक्ति बूढीगण्डकी डुबान क्षेत्रका बासिन्दा मध्येबाट नियुक्त गर्नुपर्नेमा समेत जोड दिएको छ ।

कानून विपरीत डुबान क्षेत्रका जग्गाको मुआब्जामा एकमुष्ट लिइएको पूँजीगत लाभकर फिर्ता गर्नुपर्ने, मुआब्जा वितरणका क्रममा निजी बैंकहरूले गरेको ज्यादती बन्द गर्नुपर्ने, मुआब्जा निर्धारण गर्दा जिल्ला मुआब्जा समिति गोरखा र जिल्ला मुआब्जा समिति धादिङले मन्त्रिपरिषद्लाई गरेका सबै सिफारिस कार्यान्वयन गर्नुपर्ने, पुनर्वास, पुनर्स्थापनाका लागि डुबान क्षेत्रका बासिन्दाको सहमतिमा उपयुक्त स्थानमा जग्गा अधिग्रहण गरी काम अघि बढाउनुपर्ने र बूढीगण्डकी रिङरोडको काम तत्काल अघि बढाउनुपर्ने विषय पनि विज्ञप्तिमा उल्लेख छ ।

एकातर्फ सञ्चारमाध्यममा मुआब्जाको ९५ प्रतिशत काम सकियो भनेर दुष्प्रचार गर्ने तर मुआब्जा वितरणमा देखिएका समस्या र डुबान क्षेत्रका बासिन्दाले दर्ता गराएका गुनासो सुनुवाइ पनि नगर्ने कार्यालयको द्वैध चरित्रको समितिले भर्त्सनासमेत गरेको छ ।

# कोरोनाको कहर : बजार र व्यवसायमा

**काठमाडौं/मस**–कोरोनाबाट सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएपछि मकवानपुरको हेटौँडा बजारमा चहलपहल कम भएको छ । साथै बजार सुनसान छ। यसले व्यापारिक कारोवार समेतमा असर परेको छ ।



व्यापारिक फर्म, खुद्रा र थोक पसल तथा सहकारी संस्था सञ्चालन भएपनि कारोवार अत्यन्त कम रहेको गुनासो छ । हेटौँडाका व्यवसायी गजेन्द्र चौलागाईंले कोरोनाको त्रास र व्यावसायिक कारोवारको कमीले व्यवसाय चौपट भएको भने । आवश्यक काम नपरेसम्म कोरोनाको त्रासले सर्वसाधारण घरबाहिर जान छोडेका छन् । बजारमा उपभोक्ता तथा स्थानीय सर्वसाधारण सरकारले तोकेको मापदण्डअनुसार मास्क लगाउने, सामाजिक दूरी कायम गर्ने र स्यानिटाइजर प्रयोगमा जोड दिएको पाइएको छ ।

हेटौँडालगायत आसपासमा कोरोना सङ्क्रमित देखापरेपछि जिल्ला प्रशासन कार्यालयले जिल्लाभित्र र बाहिर आवागमनमा रोक लगाएको छ। जिल्ला प्रशासन कार्यालयमा बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले साउन ३२ गतेसम्म मकवानपुरबाट अन्य जिल्ला जान र अन्य जिल्लाबाट मकवानपुर आउनमा निषेध गरेको छ । सङ्क्रमण समुदायस्तरमा फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गर्दै सङ्क्रमण रोकथाम, नियन्त्रण तथा व्यस्थापनका लागि एक जिल्लाबाट अर्को जिल्लामा आवागमन बन्द गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बताए ।

जिल्लाभित्रका उद्योग, कलकारखाना तथा व्यवसायमा जिल्ला बाहिरबाट श्रमिक तथा कामदार मगाउन रोक लगाइएको छ। अन्य जिल्लामा काम गर्न जाने र आउने सरकारी कर्मचारीलाई रोक्का गरिएको छ। बजार क्षेत्रमा स्वास्थ्य तथा सुरक्षाका न्यूनतम मापदण्ड पूरा भए/नभएको सम्बन्धमा अनुगमन गर्ने काम भइरहेको प्रजिअ नेपालले जानकारी दिए ।

त्यस्तै होटल र रेष्टुरेन्ट बन्द गरिएको छ। कोरोना सङ्क्रमितको उपचार र सुरक्षा तथा निगरानीमा जोड दिइएको वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ । छिमेकी जिल्ला बारा र पर्सामा कोरोना सङ्क्रमित अत्यधिक फेला परेपछि मकवानपुरलाई जोगाउन बाहिर जिल्लाबाट आउन र जान निषेध गरिएको अनुमान छ । मकवानपुर जिल्लामा हालसम्म ५४ जनामा कोरोना सङ्क्रमण फेला परेको छ ।

# ज्योति विकास बैंक र राष्ट्रिय आविष्कार केन्द्रद्वारा सम्झौतामा हस्ताक्षर



**काठमाडौं/मस**–ज्योति विकास बैंक र राष्ट्रिय आविष्कार केन्द्रबीच सम्झौता भएको छ । सोमबार सामाजिक उत्तरदायित्व अन्तर्गत रहेको हाम्रो विकास प्रवर्द्धन कोषमार्फत आफ्नो १२ औं वार्षिकोत्सवको अवसर पारेर मिति २०७७ श्रावण ९ गते डा. महाविर पुनद्वारा प्रवर्द्धित राष्ट्रिय आविष्कार केन्द्रसँग "न्यानो नानी" बेबी वार्मर सम्बन्धी परियोजनामा सहकार्य भएको हो। ज्योति विकास बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीचन्द्र भट्ट र राष्ट्रिय आविष्कार केन्द्रका तर्फबाट केन्द्रका अध्यक्ष डा महावीर पुनले हस्ताक्षर गरेका हुन्। उक्त सम्झौता बमोजिम ज्योति विकास बैंकले १० वटा "न्यानो नानी" बेबी वार्मर बनाउनको लागि आवश्यक रु. ८ लाख राष्ट्रिय आविष्कार केन्द्रलाई प्रदान गर्नेछ भने ती उपकरणहरु दुवै संस्थाहरुको संयुक्त सहकार्यमा देशका विभिन्न ग्रामीण तथा पहुंच नपुगेका अस्पतालहरुलाई प्रदान गरिनेछ। नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने राष्ट्रिय आविष्कार केन्द्रको बेबी वार्मरले देशको विभिन्न स्थानहरुमा शिशु मृत्युदर समेत न्यूनीकरण गर्न योगदान पुर्याउने हुँदा बैंकले राष्ट्रिय आविष्कार केन्द्रसँग उक्त सम्झौता गरेको हो । नेपाली समाजमा स्थानीय तहमा सुषुप्तरुपमा रहेका सम्भावनाहरुको पहिचान गरी त्यस्ता सम्भावनाहरुलाई उजागर गर्नको लागि सहयोगी बन्ने मूल उद्देश्यबाट निर्देशित "हाम्रो विकास प्रवर्द्धन कोष" मार्फत ज्योति विकास बैंकले विभिन्न सामाजिक संस्था तथा नागरिकहरुसँग प्रत्यक्ष रुपमा जोडिएर सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु गर्दै आएको छ । हाल ज्योति विकास बैंकले १०५ शाखा कार्यालय, १ एक्सटेन्सन काउन्टर तथा ६१ वटा एटिएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ । हालसम्म बैंकले ३ लाख भन्दा बढि खाताबाट करिब रु. ३७ अर्ब निक्षेप संकलन गरी २० हजारभन्दा बढि ऋणीलाई करिब रु. ३१ अर्व लगानी गर्न सफल भएको छ ।

# एक बोत्तल पानीको समर्थन मूल्य १६ रुपैयाँ तोकियो



**काठमाडौं/मस**–वाणिज्य विभागले बोतलको प्रशोधित पानीको खुद्रा मूल्य १६ रुपैयाँ तोकेको छ । खुद्रा पसलमा २० रुपैयाँभन्दा बढीमा बिक्री वितरण भइरहेको बोतलको प्रशोधित पानीको मूल्य अब १६ रुपैयाँ तोकिएको हो । वाणिज्य विभागले काठमाडौं उपत्यका र काभ्रे गरी चार जिल्लामा उत्पादन हुने बोतल बन्द पानीको न्युनतम समर्थन मूल्य तोकेको छ । विभागद्धारा असार २५ गते गठित कार्यदलको सिफारिसमा प्रशोधित पानीको मूल्य तोकिएको हो । नयाँ मूल्य अनुसार एक जार प्रशोधित पिउने पानीको अधिकतम् खुद्रा मूल्य ५० र बोतलको मूल्य १६ रुपैयाँ तोकिएको हो । विभागले तोकेको नयाँ मूल्य भदौबाट लागु हुने भएको छ। प्रशोधित पानी प्रतिजार डिस्ट्रीब्यूटर मूल्य ३५ रुपैयाँ तोकिएको छ । प्रशोधित पानी १ लिटर बोटल प्रति कार्टुनको डिस्ट्रीब्यूटर मूल्य भने १ सय ३० प्रति कार्टुन कायम गरिएको छ ।

# अध्यागमन विभागको आपतकालिन बाहेकका सेवा बन्द




**काठमाडौं/मस**–अध्यागमन विभागका एक कर्मचारीमा कोभिड-१९ (कोरोना भाइरस) पोजेटिभ देखिएपछि विभागको आपतकालीन बाहेकका सबै सेवा बन्द गरिएको छ।

विभागका निर्देशक रामचन्द्र तिवारीका अनुसार विभागका ५७ जना कर्मचारीको पीसीआर परीक्षण गरिएकोमा ५६ जनाको कोरोनो नेटेटिभ र एक जनामा पोजेटिभ आएको छ । विभागले प्रवेशाज्ञा 'कोरोना पोजेटिभ देखिएका कर्मचारीलाई आइसोलेसनमा पठाइएको र उनीसँग सम्पर्कमा रहेर काम गरेका कर्मचारीलाई पनि होम आइसोलनमा राखिएको निर्देशक तिवारीले बताए ।

विभागको केन्द्रीय कार्यालयको सेवा बन्द भएपनि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित अध्यागमन विभागको काम भने नियमित सञ्चालनमा रहेको छ । अध्यागमन कार्यालय, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका प्रमुख अध्यागमन अधिकृत गौलोचन सैंजुले विमानस्थलको अध्यागमन सेवा समान्वयरूपमा सञ्चालन भइरहेको जानकारी दिए ।

# शाओमीको रेडमी ९ र रेडमी ९ प्रो बजारमा





**काठमाडौं/मस**–शाओमीले नेपाली बजारमा रेडमी नोट सिरिज स्मार्टफोनको नवौं पुस्तामा नयाँ स्मार्टफोन थपेको छ । यस वर्षको सुरुवातमा सार्वजनिक भएका रेडमी नोट ९ र रेडमी नोट ९ प्रो को साथ यो यस सिरिजको तेस्रो स्मार्टफोन हो । शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीका अनुसार रेडमी नोट ९ प्रो म्याक्सले आफ्नो सेग्मेन्टको हार्डवेयर र सफ्टवेयरको नवीनतलाई चुनौती दिएको छ ।

फोनको औरा डिजाइन, प्रो क्यामेरा र अधिकतम प्रदर्शनको उत्कृष्ट संयोजनलाई प्रशंना गर्ने उनको दाबी छ। रेडमी नोट ९ प्रो म्याक्समा औरा डिजाइन दिइएको छ । ६.६७ इन्च एफएचडी प्लस डट डिस्प्लेका साथ फोनमा इन डिस्प्ले क्यामेरा छ । यसको रियरमा चारवटा क्यामेराको सेटअप छ । रेडमी नोट ९ प्रो म्याक्समा जेड एक्सिस लिनियर भाइब्रेसन मोटर छ । फोनमा क्वालकम स्न्यापड्र्यागन ७२०जी र ८ एनएम चिपसेट छ जसमा कस्टुम क्रायो आर्टिटेक्चर छ । रेडमी नोट ९ प्रो म्याक्समा ५०२० एमएएचको ब्याट्री छ भने ३३ वाट फास्ट चार्जर उपलब्ध छ। फोनमा क्वाड क्यामेरा सेटअपको सुविधाअन्तर्गत ६४ एमपी सामसङ आइसोसेल ब्राइट जीडब्लु १ सेन्सर, ११९ डिग्री फिल्ड अफ भ्युका साथ ८ एमपी अल्ट्रा–वाइड सेन्सर, ५एमपी म्याक्रो सेन्सर र २ एमपी डेप्थ सेन्सर छ । फ्रन्टमा ३२ एमपीको सेन्सर छ । प्रयोगकर्ताहरुले पहिलो पटक रेडमी स्मार्टफोनमा अँध्यारो वातावरणमा पनि सेल्फी लिन सक्ने व्यवस्था गरिएको छ ।

रेडमी नोट ९ प्रो म्याक्समा भिडियोग्राफीका लागि सुपर स्टेबलाइजेसन टुल छ भने भिडियो निर्मातालाई आकस्मिक भिडियो निर्माणलाई आवश्यकताअनुसारको राम्रो बनाउन अनुमती दिन्छ । शाओमीले पहिलो पटक मी पावर बैंक २ आई नेपाली बजारमा उपलब्ध गराएको छ । रेडमी नोट ९ प्रो म्याक्स तीन कलर भेरियन्ट–इन्टरस्टेलर ब्ल्याक, अरोरा ब्लु र ग्लेसियर ह्वाइटमा उपलब्ध छ । यसको ६ जीबी ' १२८ जीबीभेरियन्टको मूल्य ३१ हजार ९ सय ९९ र र ८ जीबी ' १२८ जीबी स्टोरेज भेरियन्टको ३४ हजार ९ सय ९९ रुपैयाँ तोकिएको छ। मी पावर बैंक २आई दुई भेरियन्ट १० हजार एमएएच र २० हजार एमएएच क्रमशः १८ सय ९९ र ३१ सय ९९ रुपैयाँमा उपलब्ध हुने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# सुजुकीको स्मार्ट सेभेन डे अफर




**काठमाडौं/मस**–नेपालका लागि सुजुकी कारको आधिकारिक विक्रेता तथा सीजी होल्डिंग्स्को अटोमोटिभ डिभिजन सीजी मोटोकर्पले २६ साउनदेखि सुरु हुनेगरी 'स्मार्ट सेभेन डे अफर' सार्वजनिक गरेको छ । कम्पनीको उक्त योजना सुजुकीका सबै स्मार्ट हाईब्रिड रेन्ज गाडीमा लागू हुनेछ । बलेनो, एसक्रस, सियाज, इर्टिगा र एक्सएल ६ सुजुकीका स्मार्ट हाईब्रिड गाडी हुन्। यो योजना अन्तर्गत ग्राहकले तीन लाख ५० हजार रुपैयाँ बजारको 'बेनेफिट' र दुई लाख रुपैयाँसम्म एक्सचेन्ज बोनस पाउनेछन् । कम्पनीले मात्र २५ प्रतिशतको डाउन पेमेन्टमा सहज फाइनान्सिङको व्यवस्था पनि गरेको छ । सीजी मोटोकर्पले एनआईसी एसिया बैंक लिमिटेडसँगको साझेदारीमा न्युनतम ८ दशमलव २५ प्रतिशत ब्याजदरमा फाइनान्सिङको समेत घोषणा गरेको छ। यो योजना ३२ साउनसम्म यानि ७ दिनका लागि नेपालभरका सबै ३५ वटै सुजुकी आउटलेटमा उपलब्ध छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Covid-19) का मुख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**